…पत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

क.सं.

# सिद्धार्थ म्युचुअल फण्ड

अन्तर्गत संचालन हुने

# सिद्धार्थ इक्वीटी फण्ड
# (Siddhartha Equity Fund)

को

## विवरण पुस्तिका

(सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम २४ को व्यवस्था बमोजिम जारी गरिएको ।)

प्रति इकाई मूल्य रु.१०/– दरको १२,००,००,००० (बाह्र करोड) इकाई मध्ये न्यूनतम १,८०,००,००० (एक करोड असी लाख) वा कुल बिक्री भएको इकाई संख्याको १५ (पन्ध्र) प्रतिशत कोष प्रवर्द्धक कम्पनी श्री सिद्धार्थ बैंक लिमिटेडका लागि सुरक्षित राखि बाँकी न्यूनतम १०,२०,००,००० (दश करोड बिस लाख) इकाई यस विवरण पुस्तिकाको शर्त अनुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिनेछ ।

योजना व्यवस्थापक तथा कोष प्रवर्द्धकको रेटिङ्ग गर्ने कम्पनी : श्री ईका नेपाल लिमिटेड ।
योजना व्यवस्थापकको रेटिङ्ग : **"[ICRANP] AMC Quality 3+ (AMC3+)"**
कोष प्रवर्द्धकको रेटिङ्ग : **"[ICRANP - IR] BBB+"**
योजनाको किसिम : बन्दमुखी
नेपाल धितोपत्र बोर्डमा योजना दर्ता मिति : २०७४।०५।१४
योजनाको अवधी : १० वर्ष
योजना परिपक्क हुने : इकाई बाँडफाँट भएको मितिले १० वर्ष
नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति : २०७४।०५।१४
इकाई बिक्री खुल्ला हुने मिति :२०७४।०६।२५
इकाई बिक्री बन्द हुने मिति (छिटोमा) :२०७४।०६।२९
इकाई बिक्री बन्द हुने मिति (ढिलोमा) :२०७४।०७।०८
आवेदन दिनु पर्ने न्यूनतम इकाई संख्या : १०० (एक सय)
आवेदनसाथ भुक्तानी गर्नुपर्ने रकम : शतप्रतिशत

**पुनश्च : बिक्री आव्हान गरिएको इकाईका लागि आवेदन पर्न आए पश्चात् न्युनतम अवधी व्यतित भए पछि सूचना प्रकाशित गरी इकाई बिक्री बन्द गरिनेछ ।**

**कोष प्रवर्द्धक**

**SiddharthaBank**

**सिद्धार्थ बैंक लिमिटेड**
पो. ब. नं. १३८०६, हात्तिसार, काठमाडौं ।
फोन नं : ४४४२९१९, ४४२९२०
फ्याक्सः ४४४२९२१
ईमेलः sbl@siddharthabank.com
वेब साईटः www.siddharthabank.com

| **कोष सुपरिवेक्षक** | **निष्काशन तथा बिक्री प्रवन्धकको कार्य आफै गर्ने योजना व्यवस्थापक** |
|---|---|
| १. डा.रामकृष्ण तिमल्सेना, पूर्व रजिष्ट्रार, सर्वोच्च अदालत<br>२. प्रा.डा. कमलदास मानन्धर, प्राध्यापक, त्रिभुवन विश्वविद्यालय<br>३. श्री विश्व प्रकाश पण्डित, पूर्व सचिव, नेपाल सरकार<br>४. श्री प्रताप प्रसाद प्रधान, वरिष्ठ चार्टर्ड एकाउण्टेन्ट<br>५. श्री राधाकृष्ण पौड्याल, पूर्व बैंकिङ्ग सदस्य, ऋण असुलि न्यायाधिकरण तथा पूर्व वरिष्ठ अधिकृत, नेपाल राष्ट्र बैंक | Siddhartha Capital Limited<br>Investing happiness<br>**सिद्धार्थ क्यापिटल लिमिटेड**<br>पो. ब. नं. २१२००, नारायणचौर, नक्साल, काठमाण्डौ<br>फोन नं. ०१-४४२०९२४ फ्याक्स नं. ०१-४४२०९२९<br>ईमेलः scl@siddharthacapital.com<br>वेब साईटः www.siddharthacapital.com |

**यस विवरण पुस्तिकाले - "योजनाको गुणस्तर वा प्रतिफलको निश्चिततताको प्रत्याभुति गर्दैन र कृपया लगानी गर्नु भन्दा अगाडि विवरण पुस्तिका राम्रोसँग पढ्नु होला ।"**

## २.१ बिषय सूचि


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा | २ |
| २ | विवरण पुस्तिका तथा दरखास्त प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु | २ |
| ३ | विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायीत्व सम्बन्धमा | २ |
| ४ | कोष प्रवर्द्धकको उदघोषण | ३ |
| ५ | योजना व्यवस्थापकको उदघोषण | ३ |
| ६ | कोष सुपरिवेक्षकको उदघोषण | ३ |
| ७ | योजना सम्बन्धी संक्षिप्त जानकारी | ३ |
| ८ | कोष प्रवर्द्धक सम्बन्धि जानकारी | ५ |
| ९ | योजना व्यवस्थापक सम्बन्धि विवरण | ८ |
| १० | कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौता सम्बन्धि विवरण | १८ |
| ११ | योजना सम्बन्धि जानकारी | २१ |
| १२ | योजनाको उद्देश्य | २१ |
| १३ | योजनाले लगानी गर्ने क्षेत्र | २१ |
| १४ | योजनाको वित्तिय प्रक्षेपण सम्बन्धी विवरण | २२ |
| १५ | योजनाको खर्च सम्बन्धि विवरण | २९ |
| १६ | योजनाको मुनाफा वितरणको लक्ष्य | २९ |
| १७ | लगानी तथा लाभांसका सम्बन्धमा लागु हुने कुनै पनि करका सम्बन्धी व्यवस्था | २९ |
| १८ | खुद सम्पत्ती मूल्य गणना तथा सो को प्रकाशनसम्बन्धी व्यवस्था | ३० |
| १९ | योजनामा अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा | ३० |
| २० | इकाई निष्काशन सम्बन्धी विवरण | ३३ |
| २१ | इकाई बिक्री खुला गरिने मिति तथा अवधी | ३३ |
| २२ | आवेदन संकलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी | ३३ |
| २३ | आवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु | ३४ |
| २४ | खरीद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई संख्या | ३४ |
| २५ | इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था | ३४ |
| २६ | आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु | ३४ |
| २७ | इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा | ३५ |
| २८ | गुनासो सुन्ने र समाधान गर्ने प्रकृया | ३५ |

## २.२ विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा :

(क) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।
(ख) "ऐन" भन्नाले धितोपत्र सम्बन्धि ऐन, २०६३ सम्झनु पर्दछ ।
(ग) "नियमावली" भन्नाले सामूहिक लगानी कोष नियमावली, २०६७ सम्झनु पर्दछ ।
(घ) "निर्देशिका" भन्नाले सामूहिक लगानी कोष निर्देशिका, २०६९ सम्झनु पर्दछ ।
(ङ) "विवरण पुस्तिका" भन्नाले इकाई सार्वजनिक निष्काशनको आव्हान गर्नु अघि योजनाको सम्बन्धमा जानकारी प्रदान गर्ने प्रयोजनका लागि सामूहिक लगानी कोष निर्देशिका, २०६९ बमोजिम प्रकाशन गरिने विवरण पुस्तिका सम्झनुपर्छ ।
(च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।
(छ) "कोष प्रवर्द्धक" भन्नाले बोर्डमा नियमावली बमोजिम सिद्धार्थ म्युचुअल फण्ड दर्ता गराउने बैंक सिद्धार्थ बैंक लिमिटेडलाई सम्झनु पर्दछ ।
(ज) "योजना व्यवस्थापक" भन्नाले सिद्धार्थ क्यापिटल लिमिटेड सम्झनु पर्दछ ।
(झ) "कोष सुपरिवेक्षक" भन्नाले नियमावलीको व्यवस्था बमोजिम सिद्धार्थ म्युचुअल फण्डको सुपरिवेक्षण कार्यका लागि सिद्धार्थ बैंक लिमिटेडबाट नियुक्त व्यक्तिहरुको समुहलाई सम्झनु पर्दछ ।
(ञ) "डिपोजिटरी" भन्नाले योजना अर्न्तगतका इकाईधनीहरुको रेकर्ड राख्ने, इकाई नामसारी सम्बन्धी कार्य गर्ने, योजनाको लगानीको प्रतिफल प्राप्त गरी सो को रेकर्ड राख्ने, इकाईधनीहरुलाई लाभांश वितरण गर्ने जस्ता नियमावलीले तोकेको कार्य गर्ने अनुमति प्राप्त संस्था सम्झनु पर्दछ ।
(ट) "संकलन केन्द्र" भन्नाले इकाईको सार्वजनिक रुपमा निष्काशन तथा बिक्रिका लागि आवेदन फाराम बुझ्ने तथा इकाई बाँडफाँट पुर्जा र इकाईधनी प्रमाणपत्र वितरणका लागि योजना व्यवस्थापक कम्पनीले तोकेको संस्था सम्झनु पर्दछ ।
(ठ) "निष्काशन बैंक" भन्नाले इकाईको सार्वजनिक निष्काशन तथा बिक्रीबाट प्राप्त रकम संकलन केन्द्रबाट तत्काल सुरक्षित तवरले राख्नका लागि खाता खोली व्यवस्था गरिएको बैंक वा वित्तिय संस्था सम्झनु पर्दछ ।

## २.३ (क) विवरण पुस्तिका प्राप्त गर्न सकिने स्थान

| सि.नं. | कम्पनीको नाम ठेगाना |
|---|---|
| १. | सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं । |

साथै, विवरण पुस्तिका सिद्धार्थ क्यापिटल लिमिटेडको वेव साईट www.siddharthacapital.com बाट समेत प्राप्त गर्न सकिनेछ ।

### (ख) दरखास्त बुझाउने स्थानहरु :

| | |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरु । |

## २.४ विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायीत्व सम्बन्धमा :

यस विवरण पुस्तिकामा उल्लेख गरीएका विवरणहरु सहभागीहरुको जानकारीको लागि ऐन तथा नियमावली बमोजिम तयार गरी बोर्डबाट स्वीकृत भएको हो । यसबाट योजनामा सहभागी हुन चाहने जो कोहीले योजनामा सहभागी हुनु भन्दा अगाडी नै योजनाबारे जानकारी प्राप्त गर्न सक्नेछन् । यो विवरण पुस्तिका बोर्डबाट स्वीकृत भए तापनि यसको राम्रोसँग अध्ययन गरेर मात्र लगानी गर्न सुझाव दिईन्छ । विवरण पुस्तिका प्रकाशित भएपश्चात् निष्काशन खुला हुनु अघि वा सो अवधिमा यस विवरण पुस्तिकामा कुनै प्रकारको परिवर्तन भएमा सो को सार्वजनिक रुपमा जानकारी गराइनेछ ।

## ३. उद्घोषण :

### ३.१ नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :

इकाई सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको यस विवरण पुस्तिकालाई धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी प्रदान गरिएको स्वीकृतिले विवरण पुस्तिकामा उल्लिखित कुराको सत्यता वा योजना व्यवस्थापक वा योजनाको आर्थिक सक्षमताको बारेमा बोर्डले कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

### ३.२ कोष प्रवर्द्धकको उद्घोषण :

योजना व्यवस्थापकले तयार गरेको यस योजना कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृतिमा संचालनमा आउनेछ । योजना व्यवस्थापकको संचालक समितिमा कोष प्रवर्द्धकको प्रतिनिधि संचालकमार्फत योजनाको व्यवसायीक तथा नियमसंगत व्यवस्थापनमा कोष प्रवर्द्धकको सहभागिता रहनेछ । विवरण पुस्तिकामा समावेश विवरण सत्य तथ्य रहेका छन् ।

### ३.३ योजना व्यवस्थापकको उद्घोषण :

यो विवरण पुस्तिकामा कोष प्रवर्द्धक, कोष सुपरिवेक्षक, योजना व्यवस्थापक तथा प्रस्तावित योजना सम्बन्धी जानकारीहरु उल्लेख गरिएको छ र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाईएको छैन । यस विवरण पुस्तिकामा उल्लेख गरिएको वित्तीय विवरण, अन्य विवरण तथा जानकारी तथा कागजातहरुको सत्यता तथा शुद्धता प्रति उक्त विवरण पुस्तिकामा हस्ताक्षर गर्ने हामी संचालकहरुको व्यक्तिगत वा सामुहिक रुपमा जवाफदेहिता वहन गर्दछौं ।

### ३.४ कोष सुपरिवेक्षकको उद्घोषण :

यो विवरण पुस्तिकामा योजनासम्बन्धी सम्पुर्ण जानकारीहरु स्पष्टसँग राखिएको तथा यसले लगानीकर्तालाई योजनामा लगानीका लागि सु-सूचित निर्णयमा सघाउ पुऱ्याउने हाम्रो अपेक्षा रहेको छ । योजना व्यवस्थापकको योजना संचालन गर्नसक्ने क्षमता तथा नियमावलीले तोके बमोजिमका आवश्यक पुर्वाधार व्यवस्था गरेको आधारमा यो योजना स्वीकृत गरिएको छ । यस विवरण पुस्तिकामा योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षक सम्बन्धमा समावेश गरिएका जानकारीहरु हामीले जाने बुझेसम्म सत्य तथ्य रहेका छन् ।

## ४. योजना सम्बन्धी संक्षिप्त जानकारी :

| | | |
|---|---|---|
| क | योजनाको नाम | सिद्धार्थ इक्वीटी फण्ड (Siddhartha Equity Fund) |
| ख | योजनाको आकार | रु. १,२०,००,००,०००।- (एक अर्ब विस करोड) |
| ग | प्रति इकाई मूल्य | रु. १०।- (अक्षरेपी दश) |
| घ | निष्काशन गर्न लागिएको इकाई संख्या | १२,००,००,००० (बाह्र करोड) |
| ङ | न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या | ६,००,००,००० (६ करोड) |
| च | अधिकतम सकारिने इकाई संख्या | १५,००,००,००० (पन्ध्र करोड) |
| छ | योजनाको प्रकार | बन्दमुखी (Close-end) |
| ज | योजनाको अवधि | १० वर्ष |
| झ | योजना परिपक्व हुने मिति | इकाई बाँडफाँट भएको मितिले १० वर्ष |
| ञ | योजना बिक्री खुला मिति | २०७४।०६।२५ |
| ट | योजना बिक्री बन्द मिति (छिटोमा)<br>योजना बिक्री बन्द मिति (ढिलोमा) | २०७४।०६।२९<br>२०७४।०७।०८ |
| ठ | इकाई बिक्री केन्द्रहरु | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरु । |
| ड | खरीद गर्नुपर्ने न्यूनतम इकाई संख्या | १०० |
| ढ | खरीद गर्न सकिने अधिकतम इकाई संख्या | २४ लाख इकाई (रु. दुई करोड चालिस लाख) |

| | | |
|---|---|---|
| ण | इकाई बिक्री तथा बाँडफाँट सम्बन्धी व्यवस्था | इकाई विक्रिका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाट निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँट गरिनेछ । |
| त | सुचीकरण तथा दोस्रो बजार कारोवार व्यवस्था | योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सुचीकृत गरी कारोवार हुने व्यवस्था गरिने छ । |
| थ | योजनाको मुनाफा वितरणको लक्ष्य | योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफावाट लाभांश कट्टा गरी बाँकी रहेको रकम संचित मुनाफा (Retained Earning) पुनः लगानीका लागि उपयोग गरिनेछ । |
| द | इकाई खरीद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु | नेपाली नागरिक, गैर आवसीय नेपाली, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक, वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै संचयकोष, कल्याणकारी कोष, गुठि, अक्षयकोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् । |
| ध | योजना व्यवस्थापकको नाम तथा ठेगाना, स्थापित ऐन, दर्ता मिति, नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति | सिद्धार्थ क्यापिटल लिमिटेड,<br>पो. ब. नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं ।<br>कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन बमोजिम स्थापना भएको<br>कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०६८।११।२,<br>दर्ता नं. ११३२६/६८/६९<br>नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त मितिः २०६९।५।२४ |
| न | योजना तथा योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना | **योजनाको प्रस्तावित लेखापरिक्षक :**<br>पराक्रम शर्मा एण्ड एसोसियट्स, चार्टर्ड एकाउण्टेन्ट्स,<br>काठमाण्डौ, नेपाल (वाह्य लेखापरीक्षक) ।<br>**योजना व्यवस्थापकको लेखापरिक्षक :**<br>एस.आर. पाण्डे एण्ड कम्पनी चार्टर्ड एकाउण्टेन्ट्स, राधा कृष्ण मार्ग , नयाँ वानेश्वर, काठमाडौं (वाह्य लेखापरीक्षक) । |
| प | कोष सुपरिवेक्षकको नाम तथा ठेगाना | १. डा. रामकृष्ण तिमल्सेना, स्थायीः कालिका-२, कास्की, हालः का.म.पा. वडा नं. १४ कलङ्की<br>२. प्रा.डा. कमलदास मानन्धर, का.म.पा. वडा नं.३ लाजिम्पाट<br>३. श्री विश्व प्रकाश पण्डित का.म.न.पा. वडा नं.१४ कलंकी, काठमाण्डौ ।<br>४. श्री प्रताप प्रसाद प्रधान ल.पु. उ.म.न.पा. वडा नं.३ ललितपुर ।<br>५. श्री राधाकृष्ण पौड्याल, का.म.पा. वडा नं. १० वानेश्वर |
| फ | रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत | रेटिङ्ग कम्पनी : श्री इक्रा नेपाल लिमिटेड, काठमाडौं<br>योजना व्यवस्थापकको रेटिङ्ग : **"[ICRANP] AMC Quality 3+ (AMC3+)"**<br>कोष प्रवर्द्धकको रेटिङ्ग : **"[ICRANP - IR] BBB+"** |
| ब | लगानीका क्षेत्रहरु | १. स्टक एक्सचेन्जमा सुचीकृत भएका शेयर, डिवेन्चर तथा अन्य धितोपत्रहरु<br>२. बैंक तथा वित्तिय संस्थामा निक्षेप<br>३. नेपाल धितोपत्र बोर्डबाट स्वीकृति लिई लगानी गरिने अन्य क्षेत्रहरु<br>उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्येनजर गरी राम्रो प्रतिफल देखिएमा कुनै एक क्षेत्रको लगानीलाई नियमावलीले तोकेको सिमा भित्र रहि अन्य क्षेत्रमा सार्न सकिनेछ । तरलताका लागि व्यवस्था गरिएको वा लगानी भैनसकेको अवस्थामा रहेका रकमलाई लगानीकर्ताको हित तथा जोखिम अवस्थालाई मध्येनजर गरी सकेसम्म बढी व्याज आउने गरी कल तथा कल प्रकृतिको बैंक खातामा राख्ने व्यवस्था गरिनेछ । |
| भ | योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियूक्त डिपोजिटरीको नाम र ठेगाना | योजना व्यवस्थापक कम्पनी आफैले डिपोजिटरीको कार्य समेत गर्नेछ । |
| म | खुद सम्पत्ती मूल्य गणना तथा सो को प्रकाशनसम्बन्धी व्यवस्था | सामूहिक लगानी कोष निर्देशिका, २०६९ ले व्यवस्था गरे बमोजिम खुद सम्पत्ती मूल्य गणना गरिने छ जसलाई प्रचलित कानून बमोजिम सार्वजनिक गरिनेछ । |

## ५. कोष प्रवर्द्धक सम्बन्धि जानकारी :

५.१ कोष प्रवर्द्धकको नाम : श्री सिद्धार्थ बैंक लिमिटेड

५.२ योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत : ५१ प्रतिशत

५.३ कोष स्थापित भएको ऐन/नियमसम्बन्धि विवरण :

कम्पनी कानून बमोजिम नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेडको रुपमा दर्ता भएको तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरेको ।

५.४ कोष प्रवर्द्धक कम्पनीको संक्षिप्त ईतिहास :

सिद्धार्थ बैंक लिमिटेड प्रचलित कम्पनी कानून बमोजिम मिति २०५८/०६/१२ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेडको रुपमा दर्ता भएको कम्पनी हो । तत्कालिन बाणिज्य बैंक ऐन, २०३४ अनुसार मिति २०५९/०९/०९ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी कम्पनीले २०५९/०९/१० गते देखि आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ (तत्कालीन बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१) बमोजिम नेपाल राष्ट्र बैंकले "क" वर्ग को वित्तीय संस्थाको रुपमा कम्पनीलाई मिति २०६३/०१/१७ मा पुनः इजाजत प्रदान गरे अनुसार हाल "क" वर्ग को इजाजतप्राप्त संस्थाको रुपमा कम्पनीले आफ्नो कारोबार सञ्चालन गरिआएको छ ।

५.५ कोष प्रवर्द्धक कम्पनीको प्रमुख उद्देश्यहरु :

नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०६३, कम्पनी ऐन २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने कम्पनीको मुख्य उद्देश्यहरु देहायबमोजिम रहेका छन् ।

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारी मूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने र त्यस कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउनें,

(ङ) सामान्यतया, माथि उल्लिखित कुनै पनि उद्देश्यहरु पुरा गर्दा आइपर्ने वा त्यससँग सम्बद्ध वा ती उद्देश्यहरुको प्राप्तीका लागि उपयुक्त वा बैंकलाई लाभ हुने अन्य कुनै पनि कार्यहरु प्रचलित कानूनको अधिनमा रहि प्रारम्भ गर्ने, जिम्मा (Undertaking) लिने, सुप्रबन्ध गर्ने तथा संचालन गर्ने ।

५.६ कोष प्रवर्द्धकको वित्तिय विवरण सम्बन्धी जानकारी

सिद्धार्थ बैंक लि. को विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (EPS) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

## समष्टिकृत वासलात

*' रु हजारमा*

| पूँजी तथा दायित्व | ०७०/७१ | ०७१/०७२ | ०७२/०७३ | २०७३/७४* |
|---|---|---|---|---|
| शेयर पूँजी | २,०३१,१८० | २४,३७,४१६ | ४४,९६,१४३ | ६६,२८,८७९ |
| जगेडा कोषहरु | ९६९,७२१ | १,३१९,०७८ | १७,६६,२५१ | ३४,०६,४५२ |
| नन् कन्ट्रोलिङ इन्ट्रेस्ट | ४९,४९४ | ५९,००६ | ६८,७९२ | १,४७,०४४ |
| ऋणपत्र तथा बण्ड | ९३१,२९० | १,४३१,२९० | १,२०३,५२० | १२,०३,५२० |
| तिर्न बाँकी कर्जा तथा सापटी | १०६,४१५ | ६५,००० | ९१०,००० | ५०५,७१४ |
| निक्षेप हिसाब | ३५,४०८,६५४ | ४४,७२२,०७३ | ६४,९०२,००५ | ७,५८,५१,३२३ |
| भुक्तानी दिनुपर्ने बिलहरू | १०४,७४१ | १२,७५१ | ४०,०२० | |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | २०२,३५४ | २१,३८१ | | |
| आयकर दायित्व | | | | |
| अन्य दायित्व | ५२५,००१ | ६५१,७५१ | १,४३९,५९८ | २९,४५,७४४ |
| **जम्मा पूँजी तथा दायित्व** | ४०,३२८,८५० | ५०,७१९,७४५ | ७४,८२६,३३० | ९,११,७६,८३८ |
| **सम्पत्ति** | ०७०/७१ | ०७१/०७२ | ०७२/०७३ | २०७३/७४ |
| नगद मौज्दात | १,११६,४१३ | १,१५५,८५७ | १,९४०,५८४ | १,०७,५०,८९८ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ५,९५३,६५६ | ३,७५३,१७२ | ३,८४७,२६८ | |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | १११,२०७ | २०३,५५५ | ८४९,५४६ | |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ११,५०,००० | १,१३०,००० | ९५०,७०० | |
| लगानी | ३,३४३,२८५ | ६,६६४,९३५ | ९,८२३,५२२ | १,१४,३५,२१९ |
| कर्जा, सापट तथा बिल खरिद | २७,१८६,९०५ | ३६,३३९,७९६ | ५५,३५०,८९१ | ६,६०,६३,४७८ |
| स्थिर सम्पत्ति | ४५०,४१७ | ४१८,२२३ | ६३५,०२० | ७,६२,२६४ |
| गैर बैंकिङ्ग सम्पत्ति | | | | १५४६३८ |
| अन्य सम्पत्ति | ९३६,९६६ | १,०५४,२०७ | १,४२८,७९८ | २०,१०,३४२ |
| **जम्मा सम्पत्ति** | ४०,३२८,८५० | ५०,७१९,७४५ | ७४,८२६,३३० | ९,११,७६,८३८ |

## समष्टिकृत नाफा नोक्सान हिसाब

*' रु हजारमा*

| विवरण | ०७०/७१ | ०७१/०७२ | ०७२/०७३ | २०७३/७४* |
|---|---|---|---|---|
| व्याज आम्दानी | ३,०५६,२८७ | ३,२९५,२५० | ४,११९,४७९ | ६८,८७,१२३ |
| व्याज खर्च | १,७०८,११९ | १,८५९,४०७ | १,९८९,४१८ | ३९,७३,९५९ |
| **खुद व्याज आम्दानी** | **१,३४८,१६७** | **१,४३५,८४३** | **२,१३०,०६१** | **२९,१३,१६५** |
| कमिशन तथा डिस्काउण्ट | १७६,६९० | २३३,३७२ | १७३,९१७ | १,८३,८०४ |
| अन्य सञ्चालन आम्दानी | २०५,३१८ | २४३,५९६ | ३७१,५०८ | ४,४१,७४३ |
| सटही घटबढ आम्दानी | १३२,३२७ | १४२,३४१ | १६७,०८५ | १,६४,७५६ |
| **कुल सञ्चालन आम्दानी** | **१,८६२,५०२** | **२,०५५,१५२** | **२,८४२,५७२** | **३७,०३,४६७** |
| कर्मचारी खर्च | २४९,१४८ | ३३७,४१० | ३८७,६१८ | ६,१४,००० |
| अन्य सञ्चालन खर्च | ४४६,९८७ | ४७३,४०८ | ५०९,२५५ | ६,३७,४५३ |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा/नोक्सान** | **१,१६६,३६७** | **१,२४४,३३४** | **१,९४५,६९९** | **२४,५२,०१४** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | ४२३,२२९ | २४९,०८६ | २५९,३४० | ३,२९,२१० |
| **सञ्चालन मुनाफा** | **७४३,१३७** | **९९५,२४८** | **१,६८६,३५९** | **२१,२२,८०४** |
| गैर सञ्चालन आम्दानी/(नोक्सान) | ९६,८२० | ४४,४९४ | १७२,०२२ | १,९७,४४४ |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | २६६,४०३ | १९७,९५२ | १५७,३६४ | २,८६,२२८ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१,१०६,३६०** | **१,२३७,६९४** | **२,०१५,७४४** | **२६,०६,४७६** |
| असामान्य कारोबारहरुबाट भएको मुनाफा/(नोक्सान) | -२४ | १,००३ | ५७२ | (७३,४६९) |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **१,१०६,३३६** | **१,२३८,६९७** | **२,०१६,३१७** | **२५,३३,००७** |
| कर्मचारी बोनस व्यवस्था | १००,५७६ | ११२,६०९ | १८३,३०२ | २,३०,२७३ |
| **आयकर व्यवस्था** | **३०१,४४७** | **३३९,६०८** | **५४७,५९८** | **६,८४,६३७** |

| | | | | |
|---|---|---|---|---|
| - यस बर्षको . | ३०६,०६८ | ३५५,३०४ | ५४५,३७३ | |
| - गत बर्षसम्मको | २,५९४ | १,०७९ | ३,२५४ | |
| - स्थगन आयकर आम्दानी/ (खर्च) | ७,२१६ | १६,७७४ | १,०३० | |
| शेयर अफ नन् कन्ट्रोलिङ इन्ट्रेस्ट | १,८५१ | ९,५०६ | १४,९४५ | ९८,०४४ |
| **खुद नाफा/(नोक्सान)** | **७०६,१६५** | **७७६,९७४** | **१,२७०,४७३** | **१५,२०,०५३** |

* व्यवस्थापनबाट प्रमाणीत अपरिस्कृत विवरण

## समष्टिकृत नगद प्रवाह विवरण

*' रु हजारमा*

| | विवरण | ०७०/७१ | ०७१/०७२ | ०७२/०७३ |
|---|---|---|---|---|
| क | **कारोबार संचालनबाट नगद प्राप्त** | **४,००३,८२८** | **(१,१३९,८४७)** | **४६,४६,०४९** |
| १ | **नगद प्राप्ती** | **३,६७९,९५४** | **३,९१७,६५५** | **४९,११,४९८** |
| | ब्याज आम्दानी | ३,०७४,५२८ | ३,२९५,२५० | ४१,१८,४९४ |
| | कमिशन तथा डिस्काउण्ट आम्दानी | ३७८,४०० | ४६६,१९९ | ४९०,५०७ |
| | विदेशी विनिय़म कारोबारबाट आम्दानी | १३२,३२७ | १४२,३४१ | १६७,०८५ |
| | अपलेखित कर्जाको असूली | – | – | ५७२ |
| | अन्य आम्दानी | ९४,६९८ | १३,८६५ | १३४,८४० |
| २ | **नगद भुक्तानी** | **२,६६३,९६६** | **३,०३०,५४३** | **३४,७७,१०१** |
| | ब्याज खर्च | १,७०८,८१९ | १,८३०,५५७ | १९,६३,८२० |
| | कर्मचारी खर्च | २८०,४३३ | ४३७,४७९ | ५,५२,०७२ |
| | कार्यालय संचालन खर्च | ३५५,६४७ | ३८४,९३६ | ४,२३,९०२ |
| | आयकर भुक्तानी | ३१८,५४० | ३४५,७७८ | ५,३७,३०७ |
| . | अन्य खर्च | ५२८ | ३१,७९३ | – |
| | **कार्यगत पूँजी गतिविधि अधिको नगद प्रवाह** | **१,०१५,९८७** | **८८७,१११** | **१४,३४,३९७** |
| | **संचालन सम्बन्धी चालू सम्पत्ती मा कमी /(वृद्धि)** | **(३,०४१,१८५)** | **(११,२८०,११०)** | **(१,८२,६०,३२३)** |
| | माग तथा अल्पसुचनामा प्राप्त हुने रकममा कमी /(वृद्धि) | २२५,२५३ | २०,००० | १७९,३०० |
| | अन्य अल्पकालीन लगानीमा कमी /(वृद्धि) | १,१४५,१३५ | (२,०१३,९३२) | **१०,४७,६७६** |
| | कर्जा तथा बिल खरीदमा कमी /(वृद्धि) | (४,२६४,१११) | (९,१६५,५८१) | **(१,९१,२०,३९०)** |
| | अन्य सम्पत्ती मा कमी /(वृद्धि) | (१४७,४६२) | (१२०,५९७) | **(३६६,९०९)** |
| | **संचालन सम्बन्धी चालू दायित्वमा (कमी) / वृद्धि** | **६,०२९,०२५** | **९,२५३,१५१** | **२,१४,७१,९७५** |
| | निक्षेप दायित्वमा (कमी) /वृद्धि | ७,०२१,१८५ | ९,३२६,७२४ | २,९१,९३,६२७ |
| | सर्टिफिकेट अफ डिपोजिटमा (कमी) /वृद्धि | – | (४१,४१५) | – |
| | अल्पकालीन सापटीमा (कमी) /वृद्धि | (६८१,०५१) | – | ८,४५,००० |
| | अन्य दायित्वमा (कमी) /वृद्धि | (३११,१०९) | (३२,१५८) | ४,३३,३४८ |
| ख | **लगानी कारोबारमा नगद प्रवाह** | **(८५,३९९)** | **(१,३३७,८८५)** | **(४४,७०,६७६)** |
| | दीर्घकालीन लगानीमा कमी /(वृद्धि) | (१६,८००) | (१,३११,५९३) | **(४२,२१,२८३)** |
| | स्थीर सम्पत्ती मा कमी /(वृद्धि) | (७६,७२५) | (५६,२७९) | **(२,७४,९३३)** |
| | दीर्घकालीन लगानीमा ब्याज आम्दानी | – | – | – |
| | लाभांश आम्दानी | ८,१२६ | २९,९८६ | २५,५४० |
| | अन्य आम्दानी | | | – |
| ग | **वित्तिय कारोबारबाट नगद प्रवाह** | **(१७२,५५६)** | **३२३,६७४** | **(२,४८,३४८)** |
| | दीर्घकालीन ऋण (बण्ड, डिवेन्चर आदि) मा (कमी) /वृद्धि | – | ५००,००० | (२,२७,७७०) |
| | शेयर पूँजीमा (कमी) /वृद्धि | – | – | ८०३ |
| | अन्य दायित्वमा (कमी) /वृद्धि | – | – | – |
| | नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा (कमी) /वृद्धि | – | – | – |
| | प्रस्तावित लाभांश र तिर्नुपर्ने लाभांश (कमी) /वृद्धि | (१७२,५५६) | (१७६,३२६) | **(२१,३८१)** |
| घ | **नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | – | **१३** | – |
| ङ | **यस बर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग+घ)** | **३,७४५,८७३** | **(२,१५४,०४५)** | (७२,९७५) |
| च | **Capital & Reserve Added from merged institution** | | | १२,३९,९९३ |

| | | | | |
|---|---|---|---|---|
| छ | नगद तथा बैंकमा रहेको सुरु मौज्दात | ३,५१५,४०३ | ७,२६६,६२९ | ५१,०७,७८९ |
| ज | नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | ७,२६१,२७६ | ५,११२,५८४ | ६२,७४,८०७ |

**विगत तीन वर्षको प्रति शेयर आम्दानी (EPS) निम्नानुसार छ।**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | ०७०/७१ | ०७१/०७२ | ०७२/०७३ |
| प्रति शेयर आम्दानी (EPS) | ३८.६३ | ३७.७७ | ४१.५३ |

विगत तिन वर्षको नेटवर्थ सम्बन्धि विवरण देहाय बमोजिम छ :

| विवरण | वास्तविक ( रु.हजारमा) | वास्तविक ( रु.हजारमा) | वास्तविक ( रु.हजारमा) | वास्तविक ( रु.हजारमा) |
|---|---|---|---|---|
| | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४* |
| चुक्ता पूँजी | २,०३१,१८० | २,४३७,४१६ | ४४,९६,१४३ | ६६,२८,८७९ |
| जगेडा तथा कोषहरु | ९६९,७१५ | १,३१९,०७८ | १७,४५,६५१ | ३२,८४,०१४ |
| **जम्मा** | ३,०००,८९५ | ३,७५६,४९४ | ६२,४१,७९४ | ९९,१२,८९३ |
| घटाउने: अपलेखन गर्न बाँकी खर्च | | | | |
| **जम्मा नेटवोर्थ** | ३,०००,८९५ | ३,७५६,४९४ | ६२,४१,७९४ | ९९,१२,८९३ |
| **शेयर संख्या हजारमा** | १८,१३६ | २०,३१२ | ३०,२२१ | ६६,२८९ |
| **प्रति शेयर नेटवर्थ (रु.)** | १६५.४४ | १८४.४३ | २०६.५४ | १४९.५४ |
| **नेटवर्थमा औषत प्रतिफल (%)** | २३.५३ | २०.६८ | २०.३५ | १२.८२ |
| **प्रति शेयर चुक्ता पूँजी (रु.)** | १०० | १०० | १०० | १०० |

* व्यवस्थापनबाट प्रमाणीत अपरिस्कृत विवरण

## ६. योजना व्यवस्थापक सम्बन्धि विवरण :

### ६.१ योजना व्यवस्थापकको परिचय :

(क) योजना व्यस्थापकको नाम : सिद्धार्थ क्यापिटल लिमिटेड

(ख) योजना व्यवस्थापक स्थापित भएको ऐन/नियमसम्बन्धि विवरण
योजना व्यवस्थापक कम्पनी श्री सिद्धार्थ क्यापिटल लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित भएको ।

(ग) योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना :
नारायणचौर, नक्साल, काठमाण्डौ ।

(घ) योजना व्यवस्थापकको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास :
योजना व्यवस्थापक श्री सिद्धार्थ क्यापिटल लिमिटेड कम्पनी ऐन, २०६३ को व्यवस्था बमोजिम कम्पनी रजिष्टारको कार्यालयमा मिति २०६८।११।२ मा पब्लीक कम्पनीको रुपमा दर्ता भई (दर्ता नम्बर: १३२६/०६८/०६९) सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट मिति २०६९।५।२४ मा योजना व्यवस्थापक तथा डिपोजिटरीको रुपमा कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था हो । यस कम्पनीले निष्काशन तथा व्यवस्थापन गर्न लागेको यो सिद्धार्थ म्युचुअल फण्ड अन्तर्गतको तेस्रो योजना हो ।

(ङ) योजना व्यवस्थापकको प्रमुख उद्देश्यहरु :
प्रबन्धपत्र नियमावलीमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकको देहाय बमोजिमका प्रमुख उद्देश्यहरु रहेका छन् ।

(१) सामूहिक लगानी कोष (म्युचुअल फण्ड) को व्यवस्थापन तथा डिपोजिटरीको कार्य गर्ने,
(२) धितोपत्र सम्बन्धी कानून तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही सम्बन्धित निकायको स्वीकृति लिई अन्य धितोपत्र व्यवसाय सम्बन्धी कार्य गर्ने ।

## ६.२ योजना व्यवस्थापकको भावी योजना तथा रणनीति :

(क) व्यवसाय/ सेवाको बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :

सिद्धार्थ क्यापिटल लिमिटेडले यस अघि दुई वटा बन्दमुखि योजना संचालनमा ल्याई सकेको छ जसको सुचीकरण नेपाल स्टक एक्सचेन्जमा भई इकाईहरुको कारोवार भईरहेको छ । कम्पनीले बजारको अवस्था हेरी यी योजनाका अतिरिक्त अन्य विभिन्न बन्दमुखि तथा खुलामुखि योजनाहरु समेत संचालनमा ल्याउने योजना रहेको छ ।

(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा योजना व्यवस्थापकको व्यवसायको भविष्य :

नेपालमा सामूहिक लगानी कोष संचालन सम्बन्धी व्यवसायको शुरुवात भएको तथा धितोपत्र बजारको गहिराई र चौडाई बृद्धि हुँदै गएको वर्तमान अवस्थामा कोष व्यवस्थापन व्यवसायको राम्रो भविष्य रहेको छ । बजारमा संस्थागत लगानीकर्ताको सहभागिता न्युन रहेको वर्तमान अवस्थामा यसले धितोपत्रको बजार मूल्यमा आउन सक्ने अस्वभाविक उतार चढावलाई सन्तुलनमा ल्याउने तथा जनसाधारणको लगानीलाई उचित तवरले व्यवस्थापन गरी उनीहरुलाई उचित प्रतिफल प्रदान गर्ने र सो बाट धितोपत्र बजारमा जनसाधारणको सहभागितामा अभिबृद्धि गरी समग्र धितोपत्रको विकासमा सघाउ पुऱ्याउनेछ । साथै यस प्रकारको व्यवसायमा सिद्धार्थ क्यापिटल लिमिटेड एक व्यवसायीक तथा प्रतिस्पर्धि संस्थाको रुपले अगाडि बढ्नेछ ।

## ६.३ योजना व्यवस्थापकको संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

योजना व्यवस्थापकको ५ सदस्यीय संचालक समिति रहेको छ । जसमा सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम १ तीहाई अर्थात २ जना सदस्य स्वतन्त्र संचालक रहेका छन् भने कोष प्रवर्द्धक कम्पनी सिद्धार्थ बैंक लि. को एकजना प्रतिनिधि तथा अन्य संस्थापकबाट २ जना प्रतिनिधि रहेका छन् ।

## ६.४ योजना व्यवस्थापकको पूँजी संरचना सम्बन्धी जानकारी :

(क) अधिकृत पूँजी : २०,००,००० कित्ता शेयरको प्रति शेयर रु १००/- का दरले रु २०,००,००,०००।- (अक्षरेपी बिस करोड मात्र)

(ख) जारी पूँजी : १०,००,००० कित्ता शेयरको प्रति शेयर रु १००/- का दरले रु. १०,००,००,०००।- (अक्षरेपी दश करोड मात्र)

(ग) चुक्ता पूँजी : १०,००,००० कित्ता शेयरको प्रति शेयर रु १००/- का दरले रु. १०,००,००,०००।- (अक्षरेपी दश करोड मात्र)

## ६.५ योजना व्यवस्थापकको संस्थापक/संचालक सम्बन्धी जानकारी :

(क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव :

| क्र.स. | नाम | ठेगाना | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|
| १ | श्री सिद्धार्थ बैंक लिमिटेड | काठमाण्डौ-१ हात्तिसार | नेपाली | ५१% | लागु नहुने | लागु नहुने |
| २ | श्री सुवोध तोदी | विराटनगर-४, मोरङ्ग | नेपाली | ५% | स्नातक | मेटल, इलेक्ट्रोनिक सामान सम्बन्धि व्यापार, बैंकिङ्ग व्यवसाय |
| ३ | श्री वीरेन्द्र कुमार शाह | बीरगञ्ज-१५, पर्सा | नेपाली | २.५% | स्नातकोत्तर | कार्पेट सम्बन्धि व्यापार व्यवसाय |
| ४ | श्री सुधीर कुमार रुङ्गटा | बीरगञ्ज-७, पर्सा | नेपाली | २.५% | स्नातक | विभिन्न संस्थामा लगानी, बैंकिङ्गमा लगानी साथै अन्य व्यवसाय |
| ५ | श्री अशोक कुमार वाहेती | विराटनगर-४, मोरङ्ग | नेपाली | २.५% | स्नातक | कार्पेट सम्बन्धि व्यापार, बैंकिङ्ग व्यवसाय |
| ६ | श्री तुषार तोदी | काठमाडौं-३१, काठमाण्डौ | नेपाली | २.५% | स्नातक | मेटल, इलेक्ट्रोनिक सामान सम्बन्धि व्यापार, बैंकिङ्ग व्यवसाय |
| ७ | श्री नरेन्द्र कुमार अग्रवाल | विराटनगर-८, मोरङ्ग | नेपाली | २.५% | स्नातक | सिमेन्ट, पेपर सम्बन्धि व्यापार, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | बैंकिङ्ग व्यवसाय |
| ८ | श्री भरतकुमार तोदी | विराटनगर-४, मोरङ्ग | नेपाली | २.५% | स्नातक | सिमेन्ट, पेपर, बैंकिङ्ग सम्बन्धि व्यापार व्यवसाय |
| ९ | श्रीमती शशिकला अग्रवाल | काठमाण्डौ-३१, काठमाडौं | नेपाली | २.५% | प्र.प्र.प तह | सिमेन्ट, पेपर सम्बन्धि व्यापार व्यवसाय |
| १० | श्री राहुल अग्रवाल | काठमाण्डौ-९, काठमाडौं | नेपाली | २% | स्नातकोत्तर | सिमेन्ट, पेपर, बैंकिङ्ग सम्बन्धि व्यापार व्यवसाय |
| ११ | श्री जगदीश कुमार अग्रवाल | भैरहवा-५, रुपन्देही | नेपाली | २% | स्नातक | सिमेन्ट, इन्सुरेन्स, रियल स्टेट, खाध उधोग सम्बन्धि व्यापार व्यवसाय |
| १२ | श्री मनोज कुमार केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | १.५०६% | प्र.प्र.प तह | सिमेन्ट, डेरी, कार्पेट, ट्राभल, रियल स्टेट, इन्सुरेन्स, बैंकिङ्ग सम्बन्धि व्यापार व्यवसाय |
| १३ | श्री दीनानाथ केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | १.३८४५% | स्नातक | चिकित्सा पेशा |
| १४ | श्री सुमित कुमार केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | १.३८४५% | स्नातकोत्तर | डेरी तथा खाध उधोग सम्बन्धि व्यापार व्यवसाय |
| १५ | श्री आदित्य केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | १.३८४५% | स्नातकोत्तर | सिमेन्ट, डेरी, कार्पेट, ट्राभल सम्बन्धि व्यापार व्यवसाय |
| १६ | श्री रतनलाल केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | १.३८४५% | स्नातक | सिमेन्ट, डेरी, कार्पेट, ट्राभल सम्बन्धि व्यापार व्यवसाय |
| १७ | श्री मदनलाल केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | १.३८४५% | स्नातक | सिमेन्ट, डेरी, कार्पेट, ट्राभल सम्बन्धि व्यापार व्यवसाय |
| १८ | श्री सुनिल कुमार केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | १.०३८% | स्नातक | सिमेन्ट, डेरी, कार्पेट, ट्राभल सम्बन्धि व्यापार व्यवसाय य |
| १९ | श्री अनिल कुमार केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | १.०३८% | स्नातक | शैक्षिक संस्थासँग सम्बद्ध |
| २० | श्री केडिया इन्भेष्टमेन्ट कर्पोरेशन. प्रा. लि. | काठमाण्डौ-१३, काठमाडौं | - | १% | लागु नहुने | संस्था स्थापनामा लगानी गर्ने |
| २१ | श्री रमेश कुमार अग्रवाल | इन्द्रपुर-४, बाँके | नेपाली | १% | स्नातक | सिमेन्ट, पेपर सम्बन्धि व्यापार व्यवसाय |
| २२ | श्री दामोदर प्रसाद गौतम | ललितपुर-५, ललितपुर | नेपाली | ०.८% | स्नातकोत्तर | निजामति सेवा, परराष्ट्र मामला तथा बैंकिङ्ग |
| २३ | श्री सुरेश कुमार केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | ०.७५३% | प्र.प्र.प तह | सिमेन्ट, डेरी, कार्पेट, ट्राभल सम्बन्धि व्यापार व्यवसाय |
| २४ | श्री राजेश कुमार केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | ०.७५३% | स्नातक | सिमेन्ट, डेरी, कार्पेट, ट्राभल सम्बन्धि व्यापार व्यवसाय य |
| २५ | श्री विमल कुमार केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | ०.७५३% | स्नातक | सिमेन्ट, डेरी, कार्पेट, ट्राभल सम्बन्धि व्यापार व्यवसाय |
| २६ | श्री मोहित केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | ०.६२५५% | स्नातक, सि.ए. | सिमेन्ट, ट्राभल सम्बन्धि व्यापार व्यवसाय |
| २७ | श्री संजय कुमार केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | ०.६२२५% | स्नातक | सिमेन्ट, डेरी, कार्पेट, ट्राभल सम्बन्धि व्यापार व्यवसाय |
| २८ | श्री प्रदीप कुमार केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | ०.६२२५% | प्र.प्र.प तह | सिमेन्ट, डेरी, कार्पेट, ट्राभल सम्बन्धि व्यापार व्यवसाय |
| २९ | श्री संदीप कुमार केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | ०.६२२५% | प्र.प्र.प तह | सिमेन्ट, डेरी, कार्पेट, ट्राभल सम्बन्धि व्यापार व्यवसाय |
| ३० | श्री संजय कुमार शारदा | राजविराज-४, राजविराज | नेपाली | ०.५% | स्नातक | विभिन्न संस्थामा लगानी, बैंकिङ्गमा लगानी आदी |
| ३१ | श्रीमती सुलोचना अग्रवाल | वीरगञ्ज- १०, पर्सा | नेपाली | ०.५% | आठ कक्षा | स्टील, खाध सामाग्री, औधोगिक कच्चा पदार्थ सम्बन्धि व्यापार व्यवसाय |
| ३२ | श्री मनोज कुमार अग्रवाल | पडसरी-४, रुपन्देही | नेपाली | ०.५% | स्नातक | मसला, खाध पदार्थ, औधोगिक कच्चा पदार्थ सम्बन्धि व्यवसाय |
| ३३ | श्री सुजित अग्रवाल | काठमाण्डौ-३१, काठमाडौं | नेपाली | ०.५% | स्नातक | मसला, खाध पदार्थ, औधोगिक कच्चा पदार्थ सम्बन्धि व्यवसाय |
| ३४ | श्री स्मृति अग्रवाल | काठमाण्डौ-३१, काठमाडौं | नेपाली | ०.५% | स्नातक | शैक्षिक क्षेत्रमा संलग्न |
| ३५ | श्रीमती पुष्पादेवी केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | ०.३१९५% | एस एल सि | सिमेन्ट, डेरी, कार्पेट, ट्राभल सम्बन्धि व्यापार व्यवसाय |
| ३६ | श्रीमती सविता केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | ०.३१९५% | स्नातक | सिमेन्ट, डेरी, कार्पेट, ट्राभल सम्बन्धि व्यापार व्यवसाय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७ | श्री ताराचन्द केडिया | वीरगञ्ज-७, अलैखिया रोड | नेपाली | ०.३०४५% | स्नातक | सिमेन्ट, डेरी, कार्पेट, ट्राभल सम्वन्धि व्यापार व्यवसाय |
| ३८ | श्रीमती शैलजा शर्मा | काठमाण्डौ-१, काठमाडौं | नेपाली | ०.३% | स्नातकोत्तर | बैंकिङ्ग क्षेत्रको अनुभव |
| ३९ | श्रीमती अनिता पोखरेल | काठमाण्डौ-९, काठमाडौं | नेपाली | ०.२% | प्र.प्र.प तह | नोकरी |
| ४० | श्री भगत विष्ट | ललितपुर-५, ललितपुर | नेपाली | ०.२% | स्नातकोत्तर | बैंकिङ्ग क्षेत्रको अनुभव |
| ४१ | श्री सुरेन्द्र भण्डारी | ललितपुर-५, ललितपुर | नेपाली | ०.२% | स्नातकोत्तर | बैंकिङ्ग क्षेत्रको अनुभव |
| ४२ | श्री शम्भुनाथ गौतम | लेखनाथ-८, कास्की | नेपाली | ०.१% | स्नातकोत्तर | बैंकिङ्ग क्षेत्रको अनुभव |

(ख) संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शैक्षिक योग्यता र अनुभव :

| सि.नं | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | श्री मोहित केडिया | अध्यक्ष | ३४ वर्ष | नेपाली | वीरगञ्ज-७, अलैखिया रोड | सि.ए. | सिमेन्ट तथा ट्राभल एण्ड टुर्स व्यवसायमा १० वर्ष भन्दा बढीको अनुभव |
| २. | श्री राहुल अग्रवाल | संचालक | ३५ वर्ष | नेपाली | काठमाण्डौ-९, धोबिखोला, काठमाडौं | एम.बि.ए. | बैंकिङ्ग क्षेत्रमा ५ वर्षको कार्य अनुभव र सिमेन्ट, तथा आईरन एण्ड स्टिल्स व्यापारमा १० वर्ष भन्दा बढीको अनुभव |
| ३. | श्री सुन्दर प्रसाद कडेल | संचालक | ५२ वर्ष | नेपाली | चिसापानी-७, रामेछाप, जनकपुर | एम.बि.ए. | बैंकिङ्ग क्षेत्रमा २७ वर्ष भन्दा बढीको कार्य अनुभव |
| ४. | श्री किरण थापा | स्वतन्त्र संचालक | ४५ वर्ष | नेपाली | अर्खले-७, गुल्मी, लुम्बिनी | एम.बि.ए. | वित्त शास्त्रको अध्यापन कार्यमा १३ वर्ष भन्दा बढीको अनुभव, वित्त शास्त्रसँग सम्बन्धीत विभिन्न पुस्तक लेखन तथा प्रकाशन |
| ५. | श्री ऋषि राज गौतम | स्वतन्त्र संचालक | ४५ वर्ष | नेपाली | काठमाण्डौ | एमफिल | प्राध्यापन क्षेत्रमा १९ वर्ष भन्दा बढीको कार्यानुभव । |

(ग) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना, कम्पनीले गर्ने व्यवसाय तथा उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म)

| सि.नं. | संस्थापक कम्पनीको नाम | कम्पनीले गर्ने व्यवसाय | संचालकहरुको | | |
|---|---|---|---|---|---|
| | | | नाम | पद | ठेगाना |
| १. | श्री सिद्धार्थ बैंक लिमिटेड | बैकिङ्ग व्यवसाय | मनोज कुमार केडिया (प्रतिनिधि प्रुडेन्सियल इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.) | अध्यक्ष | काठमाण्डौ ३१, कमलादी |
| | | | नरेन्द्र कुमार अग्रवाल | संचालक | विराटनगर-०१, मोरङ्ग |
| | | | विरेन्द्र कुमार शाह | संचालक | काठमाण्डौ-१०,पुरानोबानेश्वर |
| | | | दिनेश शंकर पालिखे | संचालक | पोखरा ९, पालिखेचोक, कास्की |
| | | | महेश प्रसाद पोखरेल | संचालक | मंडिखाटार, काठमाडौं |
| | | | हेमन्त ज्ञवाली | संचालक | खडका भद्रकाली, काठमाण्डौ |
| | | | राजेश कुमार केडिया (प्रतिनिधि, नेपाल मल्टी नेशनल प्रा.लि.) | संचालक | बीरगंज ७ पर्सा |
| | | | भगत विष्ट | संचालक | लगनखेल, ललितपुर |
| २. | श्री केडिया ईन्भेष्टमेन्ट कर्पोरेसन प्रा. लि. | लगानी, उद्योग, व्यापार | श्री मनोज केडिया | अध्यक्ष | वीरगञ्ज-७, अलैखिया रोड |
| | | | श्रीमति सविता केडिया | सदस्य | वीरगञ्ज-७, अलैखिया रोड |

(घ) संगठित संस्थाको संचालक अन्य कुनै कम्पनी/संस्थासँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको कम्पनी/संस्थाको नाम तथा ठेगाना

| क्र.सं. | संचालकको नाम | आवद्ध भएको अन्य कम्पनीको नाम तथा ठेगाना | पद |
|---|---|---|---|
| १. | श्री मोहित केडिया | (क) अर्घाखाँची सिमेन्ट प्रा. लि.,<br>(ख) बृज सिमेन्ट प्रा. लि.<br>(ग) मेगना कर्पोरेट सेक्युरिटिज प्रा. लि.<br>(घ) ओलाम् ट्राभल्स प्रा. लि., कमलादि काठमाण्डौ । | संचालक<br>संचालक<br>संचालक<br>प्रबन्ध संचालक |
| २. | श्री राहुल अग्रवाल | (क) रिलायन्स सिमेन्ट प्रा. लि.<br>(ख) अशोक स्टिल्स ई. प्रा. लि.<br>(ग) अन्नपुर्ण क्वारिज प्रा. लि.<br>(घ) युनिटेक सिमेन्ट प्रा. लि.<br>(ङ) रिलायन्स ट्रेड सेन्टर<br>(च) रिलायन्स पेपर मिल्स प्रा. लि. | संचालक<br>संचालक<br>संचालक<br>संचालक<br>प्रोपराईटर<br>संचालक |
| ३. | श्री सुन्दर प्रसाद कडेल | सिद्धार्थ बैंक लि., हात्तिसार, काठमाण्डौ । | उप महाप्रबन्धक |

(ङ) संचालकहरुलाई दिईएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :
संचालक समितिका सदस्यहरुलाई प्रति बैठक भत्ता रु. ५०००।- (अक्षरेपी पाँचहजार) प्रदान गर्ने तथा मासिक रुपमा टेलिफोन तथा यातायात वापत रु. ५,०००।- (अक्षरेपी पाँचहजार मात्र) प्रदान गर्ने व्यवस्था रहेकोछ ।

## ६.६ योजना व्यवस्थापकको कर्मचारी सम्बन्धी जानकारी :

(क) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभव सम्बन्धी विवरण,

| क्र.सं. | कर्मचारीको नाम | पद | उमेर | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|
| १. | श्री ध्रुव तिमिल्सिना | प्रमुख कार्यकारी अधिकृत | ४३ वर्ष | एम.वि.ए. | नेपाल धितोपत्र बोर्डमा १० वर्षको कार्य अनुभव तथा विविए तथा एमविए मा फाईनान्स विषयको अध्यापन, विभिन्न गैर सरकारी संस्थाहरुमा अनुसन्धानात्मक कार्यको अनुभव । साथै यस सिद्धार्थ क्यापिटल लिमिटेडमा ५ वर्षको अनुभव । |
| २. | श्री चन्दन कार्की | प्रमुख सञ्चालन अधिकृत | ३७ | एम.वि.ए | सिद्धार्थ बैंक लिमिटेडमा ट्रेजरी विभागमा ८ वर्षको अनुभव तथा यस सिद्धार्थ क्यापिटल लिमिटेडमा २ वर्षको अनुभव |

(ख) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण,

| क्र.स. | नाम | पद | आ.व. २०७२।७३ को तलब तथा भत्ता (रु.) |
|---|---|---|---|
| १ | श्री ध्रुव तिमिल्सिना | प्रमुख कार्यकारी अधिकृत | ३८,९२,७१०।७७ |
| २ | श्री चन्दन कार्की | प्रमुख संचालन अधिकृत | ९,८९,८६६।४४ |

## ६.७. योजना व्यवस्थापकको वित्तीय विवरण सम्बन्धी जानकारी :

योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणीत) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण :

सिद्धार्थ क्यापिटल लिमिटेडको **आ.व. २०६९।७०, आ.व. २०७०।७१, आव.व. ७१/०७२ र आ.व. २०७२।७३ लेखापरिक्षण भएको** वित्तिय विवरण देहाय बमोजिम रहेको छ।

**वासलात**

| विवरण | आ.व ०७१।०७२ | आ.व ०७२।०७३ | आ.व. २०७३/७४ |
|---|---|---|---|
| **पूँजी तथा दायित्व** | | | |
| १. शेयर पूँजी | १००,००० | १००,००० | १००,००० |
| २. जगेडा तथा कोष | २०,४१९ | ४०,३९३ | २२०,१३२ |
| ३. चालु दायित्व | २०,७८९ | ३६५,६२९ | ६८५,४२९ |
| ५. अन्य चालु दायित्वहरु | ८९९ | ७४६ | १,४०० |
| **कुल पूँजी तथा दायित्व** | **१४२,१०८** | **५०६,७६८** | **१,००६,९६१** |
| **सम्पत्ती** | | | |
| १. नगद मौज्दात | | | २५ |
| २. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २३,४५३ | ३९४,९४५ | ६९१,११० |
| ३. अन्य चालु सम्पत्ति | ३५,५६९ | ४३,२७३ | ७०,६१० |
| ३. लगानी | ७४,२५३ | ५१,९१५ | २१४,१२२ |
| ४. स्थिर सम्पत्ती | ८,३७१ | १६,१९५ | ३०,९६० |
| ५. स्थगन कर सम्पत्ति | ४६२ | ४४० | १३६ |
| **कुल सम्पत्ती** | **१४२,१०८** | **५०६,७६८** | **१,००६,९६१** |

## नाफा नोक्सान हिसाव विवरण

**(रु हजारमा)**

| | पूँजीगत लाभ | १६०,६५०,००० | १८९,३५८,६३७ | २२५,८८६,००२ | २७१,५६७,०९८ | ३२९,०९८,४३१ |
| | अन्य आयहरु | १,८००,००० | १,८००,००० | १,८००,००० | १,८००,००० | १,८००,००० |
| | | **१९३,६५०,०००** | **२२७,९३४,१७१** | **२७१,५५५,५५२** | **३२६,१०८,४२०** | **३९४,८१२,९७२** |
| | **प्राप्त हुन बाँकी आम्दानीहरु** | | | | | |
| | दोस्रो बजार धितोपत्रहरुको मुल्य बृद्धि | १७२,३५०,००० | २०३,१४९,४६२ | २४२,३३७,०८३ | २९१,३४५,०९४ | ३५३,०६६,३८४ |
| | प्राथमिक लगानी धितोपत्रहरुको मुल्य बृद्धि | २१,०००,००० | २४,७५२,७६३ | २९,५२७,५८२ | ३५,४९८,९६७ | ४३,०१९,४०३ |
| | | १९३,३५०,००० | २२७,९०२,२२५ | २७१,८६४,६६५ | ३२६,८४४,०६१ | ३९६,०८५,७८६ |
| | **कूल क** | **३८७,०००,०००** | **४५५,८३६,३९६** | **५४३,४२०,२१७** | **६५२,९५२,४८१** | **७९०,८९८,७५८** |
| ख | **खर्चहरु** | | | | | |
| | निष्कासन, दर्ता ताथ सूचिकरण खर्च | ७,३८०,००० | - | - | - | - |
| | वार्षिक नियमित खर्च | ८००,००० | ८००,००० | ८००,००० | ८००,००० | ८००,००० |
| | योजना व्यवस्थापन तथा डिपोजिटरी शुल्क | ३१,५७६,४०० | ३७,३८९,६०० | ४४,५९८,२१२ | ५३,६१३,२९८ | ६४,९६७,००७ |
| | कोष सुपरिवेक्षण शुल्क | ८००,००० | ८००,००० | ८००,००० | ८००,००० | ८००,००० |
| | **कूल ख** | **४०,५५६,४००** | **३८,९८९,६००** | **४६,१९८,२१२** | **५५,२१३,२९८** | **६६,५६७,००७** |
| ग | **खुद आय/(व्यय) (क-ख)** | **३४६,४४३,६००** | **४१६,८४६,७९६** | **४९७,२२२,००५** | **५९७,७३९,१८३** | **७२४,३३१,७५१** |
| घ | **प्रस्तावित लाभांश** | १३२,०००,००० | १४४,०००,००० | १५६,०००,००० | १६८,०००,००० | १८०,०००,००० |
| ङ | **वासलातमा सारिएको आय/(व्यय) (ग-घ)** | **२१४,४४३,६००** | **२७२,८४६,७९६** | **३४१,२२२,००५** | **४२९,७३९,१८३** | **५४४,३३१,७५१** |

रकम रु. मा

| क्र.स. | विवरण | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० |
|---|---|---|---|---|---|---|
| क | **आम्दानी** | | | | | |
| | **प्राप्त भइसकेका आम्दानीहरु** | | | | | |
| | ब्याज आम्दानी | १२,०१०,३३३ | १४,७८१,०५७ | १८,३१९,९८१ | २२,८५३,४०१ | १८२,७९८,५११ |
| | नगद लाभांश | ६६,०५६,८३३ | ८१,२९५,८१५ | १००,७५९,८९७ | १२५,६९३,७०७ | ९३,१९१,३९८ |
| | पूँजीगत लाभ | ४०१,९७०,८४४ | ४९४,७०३,५१३ | ६१३,१४६,८७१ | ७६४,८७४,७७४ | ५३४,३२७,२१६ |
| | अन्य आयहरु | १,८००,००० | १,८००,००० | १,८००,००० | १,८००,००० | १,८००,००० |
| | | **४८१,८३८,०११** | **५९२,५८०,३८५** | **७३४,०२६,७४९** | **९१५,२२१,८८२** | **८१२,११७,१२४** |
| | **प्राप्त हुन बाँकी आम्दानीहरु** | | | | | |
| | दोस्रो बजार धितोपत्रहरुको मुल्य बृद्धि | ४३१,२४६,०३१ | ५३०,७३२,३४० | ६५७,८०१,८२५ | ८२०,५७९,९३९ | ३१५,५९६,२५३ |
| | प्राथमिक लगानी धितोपत्रहरुको मुल्य बृद्धि | ५२,५४५,२०८ | ६४,६६७,१२६ | ८०,१४९,९१८ | ९९,९८३,६३१ | ७८,४०६,२२४ |
| | | ४८३,७९१,२४० | ५९५,३९९,४६६ | ७३७,९५१,७४३ | ९२०,५६३,५७० | ३९४,००२,४७७ |
| | **कूल क** | **९६५,६२९,२५०** | **१,१८७,९७९,८५१** | **१,४७१,९७८,४९२** | **१,८३५,७८५,४५२** | **१,२०६,११९,६०१** |
| ख | **खर्चहरु** | | | | | |
| | निष्कासन, दर्ता ताथ सूचिकरण खर्च | - | - | - | - | - |
| | वार्षिक नियमित खर्च | ८००,००० | ८००,००० | ८००,००० | ८००,००० | ८००,००० |
| | योजना व्यवस्थापन तथा डिपोजिटरी शुल्क | ७९,३४८,२५२ | ९७,६४८,८८४ | १२१,०२३,४७६ | १५०,९६६,७१५ | १६७,४७७,७७३ |
| | कोष सुपरिवेक्षण शुल्क | ८००,००० | ८००,००० | ८००,००० | ८००,००० | ८००,००० |
| | **कूल ख** | **८०,९४८,२५२** | **९९,२४८,८८४** | **१२२,६२३,४७६** | **१५२,५६६,७१५** | **१६९,०७७,७७३** |
| ग | **खुद आय/(व्यय) (क-ख)** | **८८४,६८०,९९९** | **१,०८८,७३०,९६७** | **१,३४९,३५५,०१६** | **१,६८३,२१८,७३६** | **१,०३७,०४१,८२८** |
| घ | **प्रस्तावित लाभांश** | १९२,०००,००० | २०४,०००,००० | २१६,०००,००० | २२८,०००,००० | - |
| ङ | **वासलातमा सारिएको आय/(व्यय) (ग-घ)** | **६९२,६८०,९९९** | **८८४,७३०,९६७** | **१,१३३,३५५,०१६** | **१,४५५,२१८,७३६** | **१,०३७,०४१,८२८** |

## प्रक्षेपित नगद प्रवाह विवरण

| क.स. | विवरण | रकम रु. मा | | | | |
|---|---|---|---|---|---|---|
| | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
| क | **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | | | |
| | नगद प्राप्ती | ३८७,000,000 | ४५५,८३६,३९६ | ५४३,४२०,२१७ | ६५२,९५२,४८१ | ७९०,८९८,७५८ |
| | नगद भुक्तानी | (४०,५५६,४००) | (३८,९८९,६००) | (४६,१९८,२१२) | (५५,२१३,२९८) | (६६,५६७,००७) |
| | **क्रियाशिल पूँजी समायोजन अघिको नगद प्रवाह** | **३४६,४४३,६००** | **४१६,८४६,७९६** | **४९७,२२२,००५** | **५९७,७३९,१८३** | **७२४,३३१,७५१** |
| | चालु सम्पत्ती (बढि)/घटि | (५६,०४०,०००) | (१०,०१४,५१६) | (१२,७४१,९४५) | (१५,९३५,०६८) | (२०,०६८,८२०) |
| | चालु दायित्व बढि/(घटि) | ५८,३७२,२०० | १०,४१२,१२६ | १३,१५३,९४४ | १६,४५०,३१३ | २०,७१७,७२६ |
| | **कूल क** | **३४८,७७५,८००** | **४१७,२४४,४०६** | **४९७,६३४,००३** | **५९८,२५४,४२८** | **७२४,९८०,६५८** |
| ख | **लगानी गतिविधिबाट नगद प्रवाह** | | | | | |
| | धितोपत्रमा लगानी | (१,२९६,३००,०००) | (२३१,६५२,६९९) | (२९४,७४२,७५१) | (३६८,६०५,०७१) | (४६४,२२५,७५२) |
| | निश्चित आम्दानी उपकरणमा लगानी | - | - | - | - | - |
| | **कूल ख** | **(१,२९६,३००,०००)** | **(२३१,६५२,६९९)** | **(२९४,७४२,७५१)** | **(३६८,६०५,०७१)** | **(४६४,२२५,७५२)** |
| ग | **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | | | |
| | इकाई पूँजी बढि/(घटि) | १,२००,०००,००० | - | - | - | - |
| | लाभांश वितरण | - | (१३२,०००,०००) | (१४४,०००,०००) | (१५६,०००,०००) | (१६८,०००,०००) |
| | **कूल ग** | १,२००,०००,००० | (१३२,०००,०००) | (१४४,०००,०००) | (१५६,०००,०००) | (१६८,०००,०००) |
| घ | **खुद नगद प्रवाह (क+ख-ग)** | **२५२,४७५,८००** | **५३,५९१,७०७** | **५८,८९१,२५२** | **७३,६४९,३५८** | **९२,७५४,९०५** |
| ङ | शुरु नगद तथा बैंक मौज्दात | - | २५२,४७५,८०० | ३०६,०६७,५०७ | ३६४,९५८,७५९ | ४३८,६०८,११७ |
| च | **नगद तथा बैंक मौज्दात (घ+ङ)** | **२५२,४७५,८००** | **३०६,०६७,५०७** | **३६४,९५८,७५९** | **४३८,६०८,११७** | **५३१,३६३,०२२** |

| क.स. | विवरण | रकम रु. मा | | | | |
|---|---|---|---|---|---|---|
| | | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० |
| क | **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | | | |
| | नगद प्राप्ती | ९६५,६२९,२५० | १,१८७,९७९,८५१ | १,४७१,९७८,४९२ | १,८३५,७८५,४५२ | १,२०६,११९,६०१ |
| | नगद भुक्तानी | (८०,९४८,२५२) | (९९,२४८,८८४) | (१२२,६२३,४७६) | (१५२,५६६,७१५) | (१६९,०७७,७७३) |
| | **क्रियाशिल पूँजी समायोजन अघिको नगद प्रवाह** | **८८४,६८०,९९९** | **१,०८८,७३०,९६७** | **१,३४९,३५५,०१६** | **१,६८३,२१८,७३६** | **१,०३७,०४१,८२८** |
| | चालु सम्पत्ती (बढि)/घटि | (२५,४२०,२९३) | (३२,३४८,२०३) | (४१,३१६,९३६) | (५२,९२७,६७९) | १०९,२८४,१५५ |
| | चालु दायित्व बढि/(घटि) | २६,२४२,२३४ | ३३,३९४,१५१ | ४२,६५२,८८० | ५४,६३९,०४५ | (८४,१८३,१९६) |
| | **कूल क** | **८८५,५०२,९४०** | **१,०८९,७७६,९१६** | **१,३५०,६९०,९६०** | **१,६८४,९३०,१०२** | **१,०६२,१४२,७८६** |
| ख | **लगानी गतिविधिबाट नगद प्रवाह** | | | | | |
| | धितोपत्रमा लगानी | (५८८,०१४,३७४) | (७४८,२६८,६४९) | (९५५,७३०,६२८) | (१,२२४,३०६,७५६) | ३,२१२,९३०,१९६ |
| | निश्चित आम्दानी उपकरणमा लगानी | - | - | - | - | (३,२२५,८५६,०७४) |
| | **कूल ख** | **(५८८,०१४,३७४)** | **(७४८,२६८,६४९)** | **(९५५,७३०,६२८)** | **(१,२२४,३०६,७५६)** | **(१२,९२५,८७८)** |
| ग | **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | | | |
| | इकाई पूँजी बढि/(घटि) | - | - | - | - | - |
| | लाभांश वितरण | (१८०,०००,०००) | (१९२,०००,०००) | (२०४,०००,०००) | (२१६,०००,०००) | (२२८,०००,०००) |
| | **कूल ग** | (१८०,०००,०००) | (१९२,०००,०००) | (२०४,०००,०००) | (२१६,०००,०००) | (२२८,०००,०००) |
| घ | **खुद नगद प्रवाह (क+ख-ग)** | **११७,४८८,५६५** | **१४९,५०८,२६७** | **१९०,९६०,३३२** | **२४४,६२३,३४७** | **८२१,२१६,९०८** |
| ङ | शुरु नगद तथा बैंक मौज्दात | ५३१,३६३,०२२ | ६४८,८५१,५८७ | ७९८,३५९,८५४ | ९८९,३२०,१८६ | १,२३३,९४३,५३२ |
| च | **नगद तथा बैंक मौज्दात (घ+ङ)** | **६४८,८५१,५८७** | **७९८,३५९,८५४** | **९८९,३२०,१८६** | **१,२३३,९४३,५३२** | **२,०५५,१६०,४४१** |

## प्रक्षेपित प्रतिफलका आधारहरु

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **लगानी योग्य कोष** | | | | | | | | | | |
| सूचिकृत धितोपत्र | ६५% | ६५% | ६५% | ६५% | ६५% | ६५% | ६५% | ६५% | ६५% | ३०% |
| कारोवार प्रयोजन | १५% | १५% | १५% | १५% | १५% | १५% | १५% | १५% | १५% | २०% |
| दिर्घकालिन पूँजीगत लाभ प्रयोजन | ४०% | ४०% | ४०% | ४०% | ४०% | ४०% | ४०% | ४०% | ४०% | ५% |
| लाभांश प्रयोजन | १५% | १५% | १५% | १५% | १५% | १५% | १५% | १५% | १५% | ५% |
| सार्वजनिक/हकप्रद निष्काशन लगानी | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% | २०% | ५% |
| निश्चित आम्दानी उपकरण | ०% | ०% | ०% | ०% | ०% | ०% | ०% | ०% | ०% | ४५% |
| सञ्चालन बैंक खाता | १०% | १०% | १०% | १०% | १०% | १०% | १०% | १०% | १०% | २०% |
| **योजनाको अनुमानित आय** | | | | | | | | | | |
| सूचिकृत धितोपत्र | | | | | | | | | | |
| नगद लाभांश @४% | ४% | ४% | ४% | ४% | ४% | ४% | ४% | ४% | ४% | ४% |
| बोनस लाभांश @१५% | १५% | १५% | १५% | १५% | १५% | १५% | १५% | १५% | १५% | १५% |
| पूँजीगत लाभ/मुल्यवृद्धि | | | | | | | | | | |
| कारोवार प्रयोजन @१०% | १०% | १०% | १०% | १०% | १०% | १०% | १०% | १०% | १०% | १०% |
| दिर्घकालिन पूँजीगत लाभ प्रयोजन @३०% | ३०% | ३०% | ३०% | ३०% | ३०% | ३०% | ३०% | ३०% | ३०% | ३०% |
| लाभांश प्रयोजन छ | ५% | ५% | ५% | ५% | ५% | ५% | ५% | ५% | ५% | ५% |
| सार्वजनिक/हकप्रद निष्काशन लगानी | | | | | | | | | | |
| पूँजीगत लाभ/मुल्यवृद्धि @३५% | ३५% | ३५% | ३५% | ३५% | ३५% | ३५% | ३५% | ३५% | ३५% | ३५% |
| प्रत्याभूति वापतको आय @१% (शुरु आकारको १५% सम्मको) | | | | | | | | | | |
| निश्चित आम्दानी उपकरण @८% | ८% | ८% | ८% | ८% | ८% | ८% | ८% | ८% | ८% | ८% |
| सञ्चालन बैंक खाता @४% | ४% | ४% | ४% | ४% | ४% | ४% | ४% | ४% | ४% | ४% |

- योजनाका प्रक्षेपित वित्तीय विवरणहरु योजना व्यवस्थापक कम्पनी श्री सिद्धार्थ क्यापिटल लि. को व्यवस्थापनले तयार गरेको हो र सोको पुनरावलोकन तथा प्रमाणित श्री आर.के.एस. एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्सका सि.ए. श्री राजेश कुमार शाहले गर्नुभएको हो ।
- उल्लेखित लगानीको प्रतिशत आय आर्जनको विभिन्न उद्देश्य राखेर तोकिएको हो । यस्तो उद्देश्यबाट लगानी गर्दा त्यस अर्न्तगतका प्रत्येक लगानीलाई सामुहिक लगानी कोष नियमावली तथा निर्देशिकाले तोकेका सिमा तथा अधिनमा रही गरिनेछ ।
- नगद लाभांश कारोवार प्रयोजन र लाभांश प्रयोजनको रुपमा दोस्रो बजारमा लगानी गरिएको शेयरमा मात्र पाइने र यो सम्पूर्ण रुपमा प्राप्त हुने ।
- बोनश शेयर कारोवार प्रयोजन र लाभांश प्रयोजनको रुपमा दोस्रो बजारमा लगानी गरिएको शेयरमा मात्र पाइने र यो सम्पूर्ण रुपमा लगानी गरेको वर्षमा प्राप्त नभई अर्को वर्ष प्राप्त हुने ।
- दोस्रो बजारमा कारोवार प्रयोजन, दिर्घकालिन पूँजीगत लाभ प्रयोजन र लाभांश प्रयोजनको रुपमा गरिएको शेयर लगानीमा पूँजीगत लाभ/मुल्यबृद्धि क्रमश: ७५%, ४०% र ४०% लगानी गरेको वर्षमा प्राप्त हुने र बाँकी अर्को वर्ष प्राप्त हुने वा क्युमुलेट हुदै जाने ।
- शेयरको सार्वजनिक/हकप्रद निष्काशनमा गरिएको लगानी मा कुल पूँजीगत लाभ आम्दानीको (तथा लाभांश भए सो समेत) ७५% लगानी गरेको वर्षमा प्राप्त हुने र बाँकी अर्को वर्ष प्राप्त हुने वा क्युमुलेट हुदै जाने ।

- प्रत्याभूति वापतको आय, निश्चित आम्दानी उपकरण र सञ्चालन खाताको आय सम्पूर्ण रुपमा प्राप्त हुने ।

८.६ **योजनाको खर्च सम्बन्धि विवरण :**

योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि नेपाल धितोपत्र बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने बाँडफाँट गर्ने, नेपाल स्टक एक्सचेन्जमा सुचीकृत गराई दोस्रो बजार कारोवार व्यवस्था गराउने, सुचीकरण नविकरण गर्ने, योजनाको लेखा परिक्षण गराउने, नियमावलीको व्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि देहाय अनुसार खर्च हुने अनुमान गरिएको छ ।

(क) **योजना निष्काशनका लागि गरिने खर्च सम्बन्धी विवरण :**

नियमावलीको व्यवस्था बमोजिमको नेपाल धितोपत्र बोर्डमा योजना दर्ता शुल्क ०.१ प्रतिशत वा न्युनतम पाँच लाख, सूचना प्रकाशन शुल्क, आवेदन फाराम छपाई शुल्क, आवेदन संकलन, प्रशोधन तथा फिर्ता भुक्तानी शुल्क, प्रमाणपत्र छपाई तथा वितरण शुल्क, अन्य निष्काशन तथा बिक्री प्रबन्ध तथा बाँडफाँट शुल्क ।

(ख) **योजनाको नियमित खर्च सम्बन्धी विवरण :**

१. सामुहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्थाअनुसार प्रत्येक अर्धवार्षिक अवधिमा कायम साप्ताहिक औसत खुद सम्पत्ती मूल्य वा उक्त अर्धवार्षिक अवधीको अन्त्यमा कायम खुद सम्पत्ति मूल्य मध्ये जुन कम हुन्छ सो को वार्षिक १.७५ प्रतिशतका दरले कोष व्यवस्थापन शुल्क, ०.५ प्रतिशतका दरले डिपोजिटरी शुल्क तथा कोष प्रवर्द्धकसँगको सम्झौतामा भएको व्यवस्था अनुसार सामुहिक लगानी कोष नियमावलीले तोके बमोजिमको सिमा भित्र रहने गरी कोष सुपरिवेक्षकहरुको संयोजकत्व गर्ने कोष सुपरिवेक्षकको हकमा प्रति महिना ५०,०००।- तथा अन्य कोष सुपरिवेक्षकहरुको लागि प्रति महिना ४०,०००।- । उक्त शुल्क सिद्धार्थ म्युचुअल फण्ड अर्न्तगत संचालनमा रहेका योजनाहरुको खुद सम्पत्ति मूल्यको आधारमा ती योजनाहरुबाट समानुपातिक रुपमा खर्च लेखिनेछ ।
२. सुचीकरण शुल्क नेपाल स्टक एक्सचेन्जले तोके बमोजिम
३. लेखा परिक्षण शुल्क, प्रचलित कानून बमोजिमको सुचना, अन्य जानकारी तथा प्रतिवेदन प्रकाशन शुल्क, (वास्तविक आधारमा)
४. सिडिएस (CDS) मा दर्ता शुल्क
५. विक्री प्रबन्ध शुल्क: निष्काशन रकमको ०.२ प्रतिशत तथा अन्य निष्काशन तथा विक्री प्रबन्ध सम्बन्धी शुल्क

उपरोक्त शिर्षकका अतिरिक्त अन्य शिर्षकमा खर्च जनाईने छैन । खर्च जनाउनुपर्ने अवस्था आएमा बोर्डको स्वीकृति लिईनेछ ।

८.७. **योजनाको मुनाफा वितरणको लक्ष्य :**

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारणमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफामध्ये आवश्यकताअनुसार संचित मुनाफा (Retained Earning) पुनः लगानीका लागि उपयोग गरिनेछ ।

८.८. **लगानी तथा लाभांसका सम्बन्धमा लागु हुने कुनै पनि कर सम्बन्धी व्यवस्था :**

नेपाल सरकारको नीति बमोजिम सामूहिक लगानी कोषका लागि आ.व. २०७०।०७१ को आर्थिक विधेयकले योजनाको लाभांश, ब्याज तथा पूँजीगत लाभकर आम्दानीमा करकट्टी गर्नु नपर्ने व्यवस्था गरेको छ । साथै योजनाले प्रतिफल वितरण गर्दा अग्रिम करकट्टी गरेर मात्र वितरण गर्ने व्यवस्था रहेको ।

८.९. **योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सो को प्रक्रिया :**

योजनाको अवधी समाप्त भए पश्चात् योजनाको सम्पत्ती विक्रि गरी इकाईधनीहरुलाई समानुपातिक ढंगले वितरण गरिनेछ । यसका लागि सामुहिक लगानी कोष नियमावली, २०६७ को नियम ३२ र नियम ३३ को

व्यवस्था बमोजिम समयमा नै योजना खारेजीको प्रकृया अगाडी बढाइनेछ र सोको स्वीकृति पश्चात् तिन महिना भित्र योजनाको सम्पत्तीलाई नगदमा परिणत गरि समानुपातिक रुपमा वितरण गरिनेछ । योजनाका सम्पत्तीहरु तिन महिना भित्रमा नगदमा परिणत गर्न नसकिएको अवस्थामा नियम ३३ को व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डले थप तिन महिनाको म्याद थप गरिदिन सक्नेछ । तथापि बजार प्रतिकुल समेत हुनसक्ने अवस्थालाई मध्येनजर गरी योजनाको अवधि समाप्त हुनु भन्दा ६ महिना अगाडि देखि नै बजारको अवस्था हेरि क्रमिक रुपले योजनाको लगानीलाई तरलतामा परिणत गर्ने प्रकृया शुरु गरिनेछ जसबाट योजनाको लगानी तथा आम्दानीमा पर्न सक्ने प्रभाव योजनाको अन्तिम वर्षको प्रक्षेपणमा समेत मिलान गरिएको छ ।

यस योजनाका इकाईहरु कुनै अर्को योजनामा हस्तान्तरण गर्ने योजना रहेको छैन । इकाईधनीहरुको सहमति, कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृति/निर्देशनमा यस योजनालाई नयाँ योजनामा परिणत गर्न सकिनेछ । त्यस्तो अवस्था आएमा नयाँ योजनाको इकाई लिन नचाहने इकाईधनीहरुलाई नगद भुक्तानीको व्यवस्था पनि गर्न सकिनेछ ।

## ८.१०. खुद सम्पत्ती मूल्य गणना तथा सो को प्रकाशनसम्बन्धी व्यवस्था :

### (क) खुद सम्पत्ती मूल्य गणना विधि

योजनाको कुल लगानीको मूल्यमा योजनाको खर्च कटाई खुद सम्पत्ती मूल्य गणना गरिने छ । यसरी गणना गर्नका लागि देहायअनुसाको समिकरण प्रयोग गरिनेछ ।

$$\text{प्रति इकाई खुद सम्पत्ती मूल्य} = \frac{\text{मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु - तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु}}{\text{मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई संख्या}}$$

### (ख) खुद सम्पत्ती मूल्य प्रकाशन सम्बन्धि व्यवस्था

योजनाका इकाईहरु बाँडफाँट भएको एक महिना भित्र योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ती मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । तत्पश्चात् सामूहिक लगानी योजना सम्बन्धी नियमावली, २०६७ को व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ती मूल्य योजना व्यवस्थापकको वेब साईट मार्फत सार्वजनिक रुपमा जानकारी गराईनेछ । साथै योजना व्यवस्थापकले योजनाको लगानीको विवरण त्रैमासिक रुपमा आफ्नो वेब साईटमा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरिक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गर्नेछ । खुद सम्पत्ती मूल्य तथा योजनाको कार्यसम्पादन सम्बन्धमा सार्वजनिक गर्ने सम्बन्धमा अन्य व्यवस्था प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम हुनेछ ।

## ८.११. योजनामा अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

### (क) सामान्य जोखिम तत्वहरु :

(१) सामूहिक लगानी कोषमा गरीने लगानी धितोपत्र बजारको जोखिमसंग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पुरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :
सामूहिक लगानी कोष अन्तर्गतका योजनाले धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा लगानी गर्ने हुँदा धितोपत्र बजार तथा त्यस्ता लगानीमा निहित जोखिमले यसको प्रतिफलमा समेत उत्तिकै प्रभाव पार्ने हुन्छ ।

(२) धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ती मूल्य बजार मूल्यको आधारमा घटवढ हुने सम्बन्धमा :
योजनाको खुद सम्पत्ती मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानी मध्ये धितोपत्र बजारमा सुचीकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ती मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ती मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

(३) कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको बिगतको कार्यले नीजहरुको भविष्यको कामको लागि निर्देशन वा संकेत गर्दैन भन्ने सम्बन्धमा :

योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको संचालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाव किताव समेत छुट्टै रुपमा राख्ने र सो को नियमति रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक संस्था, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई संकेत वा निर्देशन गर्दैन ।

(४) कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :

योजनाको संचालन तथा व्यवस्थापन प्रचलित कानूनको परिधिभित्र रहि योजना व्यवस्थापकबाट गरिने हुन्छ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सो को जिम्मेवारी कोष प्रवर्द्धकले लिने छैन ।

(५) यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :

यस योजना अर्न्तगत इकाईहरु निष्काशन गरी संकलन गरिएको कोष रकम विभिन्न क्षेत्रमा लगानी गरिने हुन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने तवरले कोषको व्यवस्थापन गर्ने गर्दछ । तथापि, योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

**(ख) खास जोखिम तत्वहरु :**

(१) प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :

यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा प्रत्येक आर्थिक वर्षको अन्तमा लगानी गरेको आधारमा योजनाले कमाएको खुद मुनाफा अनुपातमा लाभांश पाउने छन् । यसरी लाभांश दिँदा योजनालाई आफ्नो लगानी वापत प्राप्त हुने पूँजीगत मुनाफा, व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्ती को मूल्य वृद्धि (capital gain) वा अन्य वित्तीय कारोवारबाट भएको आम्दानीबाट दिइनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम संचित मुनाफा (retained earning) रहने छ । योजनाको कार्य प्रगतिका आधारमा आगामी वर्षहरुमा अझ बढी लाभांश प्रदान गर्न सकिने छ । कुनै वर्ष योजनाको आम्दानीले नखामेमा योजनाको संचित मुनाफाबाट लाभांश दिन सकिनेछ तथापि योजनाले हरेक वर्ष निश्चित मुनाफा दिने सुनिश्चितता भने रहँदैन ।

(२) योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरीने धितोपत्रको संख्या, राफसाफ गरीने पद्दती आदिले असर पार्ने सम्बन्धमा :

सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नितिहरुमा कुनै परिवर्तन भएमा योजना संचालन तथा सो को प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सुचीकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरि योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सो को राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने व्याज आम्दानीमा तलमाथि हुन गई योजनाको आम्दानीमा समेत केहि प्रभाव पर्न जाने तथा धितोपत्रको खरीद बिक्री कार्य ढिला हुन जाँदा बजार जोखिम समेत आकर्षित हुन सक्ने हुन्छ । साथै वित्तीय क्षेत्रमा कायम व्याजदर घटेको अवस्थामा धितोपत्र तथा वित्तिय सम्पत्तीको मूल्याङ्कनमा बृद्धि हुने र बढेको अवस्थामा कम हुन जान सक्ने हुँदा यसको असर समेत योजनाको खुद सम्पत्ती मूल्यमा पर्न जाने हुन्छ ।

(३) रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ती मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :

यस योजनाको रेटिङ्ग गरिएको छैन ।

(४) व्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :

योजनाले लगानी गर्ने कुल रकम मध्ये केहि रकम बैंक निक्षेप तथा बण्ड डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा मुद्दती निक्षेप तथा अन्य कल निक्षेपमा दिईने व्याजदरमा आउने परिवर्तनले योजनाको आयमा समेत सोही अनुरुप असर पार्ने हुन्छ । साथै सम्पत्ती को मूल्यांकन (Valuation) गर्दा प्रचलित व्याजदरलाई आधार मानि गरिने हुँदा प्रचलित व्याजदरमा हुने परिवर्तनले योजना अर्न्तगतको सम्पत्ती को मूल्यांकनमा समेत परिवर्तन हुन सक्ने हुँदा यस्तो प्रकारको जोखिम रहन्छ ।

(५) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदीले खुद सम्पत्ती मूल्यमा प्रभाव पार्ने सम्बन्धमा : योजना निष्काशन गर्दा लाग्ने योजना दर्ता शुल्क, योजना बिक्री तथा प्रमाणपत्र वितरण खर्च तथा यसको वार्षिक खर्चहरु जस्तै कोष व्यवस्थापन तथा डिपोजिटरी शुल्क, कोष सुपरिवेक्षक शुल्क, लेखा परिक्षण शुल्क, वार्षिक सुचीकरण तथा नविकरण शुल्क आदि खर्चहरु योजनाको कुल सम्पत्ती मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ती मूल्य गणना गरिने हुँदा योजनाको संचालन तथा वार्षिक खर्चले यसमा प्रभाव पार्ने हुन्छ ।

(६) ईक्वीटि सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :
इक्वीटीको मूल्यमा बजारको उतार चढाव सम्बन्धी जोखिमका साथै उक्त उपकरण जारी गर्ने कम्पनीको कार्यसम्पादनको जोखिम रहने हुन्छ । योजनाले यस्ता उपकरणहरुमा लगानी गर्दा यो जोखिमहरुले समेत सो मा प्रभाव पार्ने हुन्छ ।

(७) ऋण जोखिम भित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :
कुनै पनि संस्थाले जारी गरेको ऋणको सावाँ तथा व्याज भुक्तानी उक्त संस्थाको ईच्छा तथा क्षमतामा भर पर्ने हुन्छ । योजनाले लगानी गर्ने ऋणपत्रमा त्यस प्रकारको जोखिम रहने हुनसक्छ । तर योजनाले सरकारी ऋणपत्रमा लगानी गरेको छ भने उक्त लगानीको सवालमा योजनामा यस्तो प्रकारको जोखिम रहदैन ।

(८) तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतीनै तरलता आउने बारे उल्लेख गर्ने :
योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्ती मा परिणत गर्नका लागि उक्त धितोपत्रको तरलतामा निर्भर गर्ने हुँदा योजनामा तरलतासम्बन्धी जोखिम रहन सक्छ ।

(९) ब्याजदरमा हुने जोखिम यसको गतिबिधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदी बारे :
ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । सरकारी ऋण बृद्धि भएमा वा मुद्रा स्फीती भएमा सो को असर ब्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

(१०) पुनर्लगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनर्लगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिम बारे खुलाउने :
ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुन लगानी गरिने हुन्छ । यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुनर्लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।

(११) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने कुरा :
योजनाका इकाईहरुको निष्काशन तथा विक्री गर्दा लाग्ने खर्च समेत योजनाले व्यहोर्ने हुँदा सो खर्चले योजनाको खुद सम्पत्ति मूल्यमा असर पार्दछ ।

(१२) योजना अन्तर्गत लगानी गरीने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारीक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :
योजनाले विभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपुर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन सक्छ ।

(१३) योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिप्स, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :
योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

(१४) योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सो मा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :
योजनाले यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गरिनेछ । त्यस अवस्थामा विदेशि मुद्रा परिवर्तनबाट हुने जोखिमको असर योजनाको जोखिम तथा प्रतिफलमा पर्न सक्छ ।

(१५) योजनाको अवधि भर सो को मूल्य वृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे :
योजनाको कार्यसम्पादनको आधारमा योजना अर्न्तगतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

**(ग) जोखीम व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :**

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि योजना व्यवस्थापक कम्पनी सदैव सचेत रहने छ र सो का लागि बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी सो को व्यवस्थापनका लागि निम्न उपायहरु अवलम्बन गर्नेछ :

(क) लगानी गरिने धितोपत्रको कारोवार सम्बन्धि विवरण र धितोपत्र निष्काशन कम्पनीको वित्तीय विवरणहरु तथ्यांक प्रणालीको विकास गरिएको छ । सोको निरन्तर अधावधिक गर्ने व्यवस्था समेत गरिएको छ ।

(ख) धितोपत्रमा लगानी गर्नुपुर्व उक्त धितोपत्र र सम्वन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी निर्णय गरिने छ र यसका लागि योजना व्यवस्थापकले अभ्यासमा ल्याएको प्राविधिक तथा वित्तिय विश्लेषण विधिको उपयोग गरिने छ ।

(ग) लगानी विश्लेषणका लागि अनुसन्धान विभागको व्यवस्था गरिएको छ जसमा प्राविधिक विश्लेषक (Technical Analyst) र वित्तीय विश्लेषकको रुपमा चार्टर्ड एकाउन्टेन्टको व्यवस्था गरिएको छ ।

(घ) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तीमा परिणत गर्ने तथा तरल सम्पत्तीलाई लगानीमा परिणत गर्ने व्यवस्था मिलाईने छ ।

(ङ) लगानीमा हुने जोखिम न्युनीकरण गर्न तथा प्रतिफललाई उच्च राख्नका लागि प्रत्येक लगानीमा रहेको जोखिम तथा प्रतिफलको विशलेषण गरेर उपयुक्त जोखिम प्रतिफल अनुपातलाई मध्येनजर गरी कम जोखिम हुने तथा प्रतिफल उच्च हुनसक्ने देखिएका विभिन्न उपकरणहरुमा लगानी गर्ने र सामुहिक लगानी कोष नियमावली र निर्देशिकाको लगानी सिमालाई पुर्णरुपमा पालना गरी बढी से बढी लगानी उपकरणहरुमा लगानी गरी लगानी विविधिकरण गरिनेछ ।

(च) तरलता व्यवस्थापनमा उच्च सर्तकता अपनाईनेछ ।

(छ) लगानी तथा जोखिम व्यवस्थापनका लागि म्युचुअल फण्ड सफ्टवेयरको समेत उपयोग गर्ने व्यवस्था गरिएको छ र लगानीलाई निरन्तर अनुगमन गरि प्रमुख संचालन अधिकृतको संयोजकत्वमा गठित लगानी समिति, स्वतन्त्र संचालकको संयोजकत्वमा जोखिम तथा लगानी व्यवस्थापन समिति र समय समयमा संचालक समितिमा छलफल गरि लगानी सम्बन्धि निर्णय गर्ने र आवश्यकता अनुसार पुनरावलोकन गर्ने व्यवस्था गरिएको छ ।

**९. इकाई निष्काशन सम्बन्धी विवरण :**

**९.१. इकाई बिक्री खुला गरिने मिति तथा अवधी :**

यस विवरणपुस्तिका मार्फत् निष्काशन गरिने इकाईहरुको लागि आवेदन दिने अवधि अधिकतम १५ दिनको हुनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत इकाईहरुको बिक्री बन्द गर्न सकिनेछ । तर विवरण पुस्तिकामा गरिएको व्यबस्था अनुसार ४ कार्य दिन भन्दा अगाडी इकाई खरिदको आवेदन लिने कार्य बन्द गरिने छैन ।

**९.२. आवेदन संकलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी :**

नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका २०७३ (ASBA) लागू भएको र २०७४ श्रावण १ देखि सार्वजनिक निष्काशनमा सोहि निर्देशिकाको व्यवस्था बमोजिममात्र आवेदन गर्न पाईने भएकोले उक्त निर्देशिका बमोजिम नेपाल धितोपत्र बोर्डबाट सहभागि बैंकको इजाजत प्राप्त बैंक तथा वित्तिय संस्थाका तोकिएका देश भरिका शाखा कार्यालयले आवेदन संकलन केन्द्रको कार्य गर्नेछन् ।

## ९.३. आवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु :

कुनै पनि नेपाली नागरिक यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् । साथै प्रचलित कानून बमोजिम दर्ता भएका फर्महरुले पनि फर्मको नामबाट यस योजनामा लगानी गर्न सक्नेछन् । साथै बैंक, वित्तीय संस्था, इन्स्योरेन्स कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोष जस्तै संचयकोष, कल्याणकारी कोष, गुठि, अक्षयकोष आदि कोषहरुको रकम यस फण्डमा लगानी गर्न सक्नेछ ।

धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम हितग्राही खाता खोलेका व्यक्ति तथा संस्थाहरुले मात्र यस निष्काशनमा आवेदन गर्न सक्नेछन् ।

## ९.४ खरीद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई संख्या :

आवेदकले न्यूनतम इकाई १०० (एक सय) तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम २४,००,००० ईकाइसम्म खरिद गर्न सकिनेछ ।

## ९.५ इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(१) योजनाको सम्पूर्ण ईकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भए पछि योजना व्यवस्थापक वा निष्कासन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सुचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।

(२) बिक्री खुला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तीमा पचास प्रतिशत ईकाई खरीद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गरिनेछ । न्युनतम पचास प्रतिशत ईकाई बिक्री नभएमा उक्त योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता भुक्तानी प्रकृया शुरु गरिनेछ ।

(३) इकाई बाँडफाँड गर्दा विवरण पुस्तिकामा उल्लेख भए बमोजिमको अधिकतम सिमासम्मको इकाई बाँडफाँड गरिनेछ । निष्काशन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई संख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँड गरिनेछ ।

(४) धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४ को उपनियम ७ को व्यवस्था बमोजिम ईकाईको बाँडफाँड अभौतिकरुपमा मात्र गरिने छ । इकाईको बाँडफाँड सम्बन्धी अन्य व्यवस्था धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम हुनेछ ।

यस योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि. मा सुचीकरण गरी दोस्रो बजार कारोवारको व्यवस्था गरिनेछ ।

## ९.६ आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

(क) इकाईवालाले आफुले खरीद गरेको योजनाको इकाई प्रमाणपत्र प्राप्त गर्ने, योजनाको कार्य प्रगति सम्बन्धमा जानकारी प्राप्त गर्ने, योजनाले वितरण गरेको लाभांश प्राप्त गर्ने, योजनाको संचालन तथा खारेजी सम्बन्धमा आफ्नो मत राख्ने, योजनासम्बन्धमा आफ्ना गुनासा राख्ने जस्ता अधिकार प्राप्त गर्दछन् भने योजनाले लगानी गरेका कम्पनीहरुको शेयरधनीले प्राप्त गर्ने अधिकार इकाईवालालाई प्राप्त हुँदैन ।

(ख) योजनाको निष्काशन सम्बन्धी विवरण पुस्तिका, योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली तथा अन्य सम्बन्धित कागजातहरु योजना व्यवस्थापकको कार्यालयमा गई हेर्न सकिनेछ ।

(ग) योजनाको इकाई खरिदका लागि आवेदन दिँदा आवेदन फाराममा आफुले लिन चाहेको इकाई संख्या तथा रकम स्पष्टरुपमा भरी बुझाउनु पर्दछ । योजनाका इकाईहरु खरीद गर्दा न्यूनतम १०० इकाई तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम २४ लाख ईकाइसम्म खरिद गर्न सकिनेछ । आवेदन फारामसाथ आवेदन वापतको शत् प्रतिशत् रकम भुक्तानी गर्नुपर्नेछ ।

(घ) नेपाल धितोपत्र बोर्डबाट सहभागी बैंकको अनुमति प्राप्त बैंक तथा वित्तियसंस्था मध्ये आफ्नो खाता रहेको बैंक वित्तिय संस्थाबाट आस्वा (ASBA) प्रणाली अर्न्तगत मात्र आवेदन गर्न सकिनेछ । सहभागि बैंकहरुले रु. १०,००,०००/– वा सो भन्दा बढी दरखास्त दिने आवेदकको प्यान नं. रहेको तथा आवेदन वापत जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाप हुने गरि आर्जन नगरेको भनि उद्घोषण गरेको यकिन गर्नुपर्नेछ ।

(ङ) आवेदकले आवेदन फाराममा आफ्नो हितग्राहि खाता नम्बर अनिवार्यरुपमा खुलाउनुपर्नेछ । नाबालकको हकमा नाबालकको हितग्राहि खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।

(च) एक व्यक्ति वा संस्थाले एक भन्दा बढी आवेदन गर्न सक्ने छैन र त्यस्तो पाईएमा आवेदन रद्द गर्न सकिनेछ। साथै आवेदक कुनै धितोपत्र दलाल व्यवसायीको ग्राहक भएमा त्यस्तो धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय नम्बर समेत खुलाउनुपर्नेछ।

(छ) यस विवरण पुस्तिकामा उल्लेख गरिएको निकाय बाहेक अन्यले यस योजनाको विज्ञापन गर्न, जानकारी उपलब्ध गराउन वा प्रतिनिधित्व गर्न नपाउने हुँदा लगानीकर्ताले तोकिएका सहभागी बैंकहरुबाट नै इकाई खरिदका लागि आवेदन गर्नु पर्दछ।

(ज) आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई कुनै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिइएको अवस्थामा कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(झ) लगानीकर्ताले इकाईमा लगानी गर्नुअघि यस विवरण पुस्तिकाको राम्ररी अध्ययन गर्नु पर्दछ।

**निष्काशन बैंकहरु :**

धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका २०७३ (ASBA) बमोजिम आवेदन संकलन गरिने हुँदा यस निष्काशनमा कुनै निष्काशन बैंक तोकिएको छैन।

## १०. इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा :

(क) आफुले खरीद गरेको योजनाको इकाई प्रमाणपत्र प्राप्त हुनेछ जसमा योजना व्यवस्थापकको कुनै एक संचालक र कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये एकजना गरी दुई जनाको दस्तखत रहनेछ।

(ख) योजनाको लगानी निति, उद्देश्य तथा वित्तिय अवस्था वारे जानकारी प्राप्त गर्ने।

(ग) योजनाले वितरण गरेको लाभांश प्राप्त गर्ने।

(घ) योजना अन्तर्गतका आफना नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ती सरह दोस्रो बजारमा बिक्री गर्न सकिने तथा दोस्रो बजारमा खरीद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउने।

(ङ) योजना व्यवस्थापकको कार्यसम्पादन सम्बन्धमा वा योजना खारेजीका सम्बन्धमा आफ्नो मत राख्ने।

(च) योजना संचालनका सम्बन्धमा कुनै गुनासा भए योजना व्यवस्थापक, कोष सुपरिवेक्षक तथा नेपाल धितोपत्र बोर्डमा गुनासा राखी समाधान गराउने।

(छ) योजनाको कार्यसम्पादनसँग सम्बन्धित खुद सम्पत्ती मूल्य, लगानीको अवस्था तथा योजनाको वित्तिय विवरण सामूहिक लगानी कोष नियमावली, २०६७ ले व्यवस्था गरे बमोजिमको सावधिक रुपमा जानकारी प्राप्त गर्ने।

## ११. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

योजना निष्काशनका वखत उत्पन्न हुनसक्ने गुनासाहरुलाई सम्बन्धित संकलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाईनेछ। साथै योजना व्यवस्थापक कम्पनीले योजना संचालनको क्रममा सहभागीहरुको विचमा वा योजना र सहभागिहरुका विचमा कुनै विवाद उठेमा त्यस्को समाधानका लागि विराटनगर-१३, मोरङ्ग स्थयी ठेगाना भएका सिद्धार्थ बैंक लि. मा आठ वर्ष तथा यस योजना व्यवस्थापक कम्पनीमा २ वर्षको अनुभव हासिल गरेका यस कम्पनीका प्रमुख संचालन अधिकृत श्री चन्दन कार्कीलाई नियम पालना अधिकृतको रुपमा नियुक्त गरिएको छ। नियम पालना अधिकृतले प्राप्त गुनासा सुन्ने, सो को समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासाहरुलाई कानूनसम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ। यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म कोष व्यवस्थापन कम्पनिबाट र नभएमा कोष सुपरिवेक्षक तथा नियमन निकाय नेपाल धितोपत्र बोर्डसमक्ष राखी गुनासा समाधान गर्ने प्रकृया अगाडि बढाईनेछ।

## १२. योजना व्यवस्थापकको प्रतिबद्धता पत्र (ड्यु डेलिजेनस् सर्टिफिकेट) को प्रति :

संलग्न।

१३. यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत :

| क्र.सं. | संचालकको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मोहित केडिया | अध्यक्ष | |
| २. | श्री राहुल अग्रवाल | संचालक | |
| ३. | श्री सुन्दर प्रसाद कडेल | संचालक | |
| ४. | श्री किरण थापा | स्वतन्त्र संचालक | |
| ५. | श्री ऋषि राज गौतम | स्वतन्त्र संचालक | |